'सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्छौं' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २२१ • २०७९ साल पुस २१ गते विहीबार (5 January, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-


## एमाले मधेश प्रदेशमा दलको नेता यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सबै भन्दा ठूला दल नेकपा एमालेको प्रदेश सभा संसदीय दलको नेतामा सरोज कुमार यादव सर्वसम्मतिबाट चयन भएका छन् ।

संसदीय दलको बुधवार भएको बैठकमा दलको नेतामा यादव र उपनेतामा दीपेन्द्र ठाकुर चयन भएको घोषणा गरिएको थियो ।दलको बैठकमा मधेश प्रदेशका इञ्चार्ज समेत रहेका एमालेका केन्द्रीय सचिव रघुवीर महासेठ, सह-इञ्चार्ज एवं मन्त्री ज्वाला साह, पोलिटब्यूरो सदस्य जुली महतो लगायतको सहभागिता रहेको थियो ।

एमालेको मधेश प्रदेशमा २३ जना सभासद छन् ।सभासदहरुको मंगलवार अबेर राति भएको भेलामा यादवलाई दलको नेता बनाउन सहमति जुटेको थियो । सो बैठकमै ठाकुरलाई पनि उप नेता बनाउन सांसदहरुले सहमति गरेका थिए ।



सरोज यादव
दलको नेता



दीपेन्द्र ठाकुर
दलको उपनेता

एमालेमा विद्यार्थी राजनीतिदेखि सक्रिय रहेका यादव पार्टीको विभिन्न निकाय हुँदै प्रदेश सभामा संसदीय दलको नेतासम्म पुगेका छन् ।उनी महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ को 'क'बाट चुनाव जितेका हुन् ।

उप-नेता चुनिएका ठाकुर पहिलो पटक प्रदेशसभामा एमालेको टिकटबाट धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ को 'ख'बाट जितेका हुन् ।

यादवलाई दलको नेता बनाउन सह-इञ्चार्ज साह सक्रिय थिईन् ।उनलाई महासचिव शंकर पोखरेलले पनि समर्थन गरेका थिए ।तर सचिव महासेठले सप्तरी जिल्लाका राजकुमार लेखीलाई दलको नेता बनाउन चाहेका थिए ।

मधेश प्रदेशमा महासेठको पक्षमा बहुमत सांसद रहेका छन् ।सहमतिमा उनले दलको नेता यादवलाई दिएर उप-नेता आफ्ना निकट ठाकुरलाई बनाएका छन् ।

स्रोतहरुका अनुसार संघीय गठबन्धन अनुसार नै प्रदेशमा सरकार गठन भए एमालेले सभामुख पाउने पक्कापक्की जस्तै छ ।सभामुखका लागि एमालेमा लेखी र रामचन्द्र मण्डलको नाम चर्चामा रहेको छ ।दलको नेता बन्न नसकेका लेखीलाई सभामुख बनाउने आश्वासन नेताहरुले दिएको बताइन्छ ।

स्रोतहरुका अनुसार एमालेबाट ३ जना मन्त्री हुने संभावना छ ।दलका नेता चयनकै क्रममा सभामुख र मन्त्रीको आश्वासन समेत सांसदहरुलाई दिएको बताइएको छ ।स्रोतहरुका अनुसार दलका नेताले सरकारमा पार्टीको प्रतिनिधित्व गर्ने छन् ।संघीय संसदमा पनि दलको नेताले नै सरकारमा पार्टीको नेतृत्व गर्ने चलन छ ।

एमालेबाट सरकारमा जाने ३ जना मध्ये एकजना यादव निश्चित नै भएका छन् ।हालको सरकारमा पनि संसदीय दलका नेताहरु नै सहभागी भएका थिए ।

## प्रधानमन्त्री प्रचण्ड र एसका अध्यक्ष नेपालबीच भेट

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस नेतृत्वको गठबन्धनलाई छाडेर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले एमालेसित गठबन्धनगर्दा अलपत्र परेका नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसित बुधवार सिंहदरवारमा भेटवार्ता गरेका छन् ।



नेकपा एसको हालै सम्पन्न स्थायी कमिटी र पोलिटब्यूरो बैठकले सरकारमा सहभागी हुने, सरकारलाई समर्थन गर्ने विषयमा निर्णय लिन सकेन् ।एस निकटका एकजना नेताका अनुसार प्रचण्डले सरकार विरुद्ध निर्णय नगर्न नेपाललाई आग्रह गरेका थिए ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासितको गठबन्धनको अन्तिम बैठकबाट प्रचण्ड बाहिरिएर सोझै एमाले अध्यक्ष केपी शर्मा ओलीको निवासमा पुग्दा नेपाललाई फोनसमेत गरेका थिएनन् ।अन्योलमा रहेका नेपालसित भएको भेटवार्तामा प्रधानमन्त्री प्रचण्डले विश्वासको मतमा सहयोग मागेको बताइएको छ ।

'सम्माननीय प्रधानमन्त्रीज्यूले नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललाई नेकपा (माओवादी केन्द्र) को दलको कार्यालय सिंहदरबारमा भेटी सरकारलाई विश्वासको मत प्रदान गर्न आग्रह गर्नुभएको छ,' दाहालका सहयोगी रमेश मल्लले भने, सबै दललाई विश्वासका मतका लागि आग्रह गर्ने क्रममा नेकपा एसका अध्यक्षज्यूसित पनि आग्रह गरिएको हो ।

सरकारमा एकीकृत समाजवादीको सहभागिताका बारेमा पनि दुई नेता बीचको भेटमा छलफल भएको उच्चस्रोतले जनाए । प्रधानमन्त्रीमा नियुक्त भएसँगै दाहाल एकीकृत समाजवादीलाई पनि सरकारमा सामेल गराउन सकारात्मक छन् । अध्यक्ष नेपाललाई पनि पार्टी भित्रैबाट सरकारमा सहभागी हुनका लागि दबाब आइरहेको छ ।

अध्यक्ष नेपालले भने सरकारको नीति तथा कार्यक्रम हेरेर मात्रै सरकारमा सामेल हुने वा नहुने निर्णय गर्ने बताएका छन् । बुधवार आयोजित एउटा कार्यक्रममा अध्यक्ष नेपालले २६ गते अगावै सरकारलाई समर्थन गर्ने अथवा नगर्ने विषयमा निर्णय लिने बताएका छन् । यसबारे निर्णय गर्न नेकपा एसले यसअघि नै पार्टी सचिवालयलाई जिम्मा दिइसकेको छ ।

प्रधानमन्त्री दाहालको सरकारलाई हाल संसदमा रहेका सातवटा पार्टीले समर्थन गरेका छन् भने सरकारले संसद्मा विश्वासको मत लिन बाँकी छ ।

प्रधानमन्त्री दाहालले यही पुस २६ गते संसद्मा विश्वासको मत लिने कार्यतालिका छ । त्यसअघि नै प्रधानमन्त्री दाहाल एकीकृत समाजवादीलाई पनि सरकारमा सामेल गराउन लागिपरेका छन् ।

चुनावमा राष्ट्रिय दलको मान्यता पाउन नसकेको नेकपा एसका लागि सांसदलाई जोगाउन पनि चुनौती नै रहेको बताइन्छ ।अध्यक्ष नेपालले सरकारमा जान नचाहे केही सांसदहरु जान सक्ने जोखिम रहेको स्रोतहरुको कथन छ ।

नेकपा एस र जनता समाजवादी पार्टी( जसपा)बीच एकीकरणको गृहकार्य भइरहेको छ ।जसपाले औपचारिक रुपमा नै समिति बनाएको छ ।एस र जसपाबीच एकीकरणको प्रक्रिया अगाडि बढे माओवादी केन्द्रसित मिल्ने प्रयास हुने स्रोतको कथन छ ।

तर एसका कतिपय नेताहरुले जसपा र माओवादी केन्द्रसित मिल्नु भन्दा नेकपा एमालेमा नै फर्किनु उपयुक्त हुने तर्क दिइरहेका छन् ।एमालेका नेताहरुसित एसका कतिपय नेताहरु सम्पर्कमा रहेको बताइन्छ ।

एसले पनि सरकारलाई समर्थन गरे प्रधानमन्त्री प्रचण्ड दुई तिहाई बहुमतको प्रधानमन्त्री हुने छन् ।त्यसका लागि उनले उपप्रधानमन्त्री अझै थप्नु पर्ने हुन्छ ।

प्रधानमन्त्री प्रचण्डले एमालेका अध्यक्ष ओलीलाई सत्ताच्यूत गर्न गतिलो साथ पाएका थिए ।कांग्रेसको नेतृत्वमा गठबन्धन गरी माओवादी केन्द्र र नेकपा एससँगै चुनावमा सहभागी भएका थिए ।तर एसले राष्ट्रिय दलको मान्यता पाउन नसकेपछि प्रत्यक्ष निर्वाचित १० सिटमा नै खुम्चिएको छ ।






# पाँच महिनामा त्रियासी करोडको तरकारी निकासी



सर्लाही। लालबन्दीमा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले चालू आर्थिक वर्ष २०७९/८० मा रु ८३ करोड ५० लाख ८४ हजार ७५ को तरकारी निकासी गरेको छ।

लालबन्दी नगरपालिका-७ मा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले विसं २०७९ साउन १ देखि २०७९ मङ्सिर मसान्तसम्ममा १६ करोड ५७ लाख छ हजार सात सय ७३ किलो तरकारी निकासी गर्दा रु ८३ करोड ५० लाख ८४ हजार ७५ रकम सङ्कलन भएको कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ।

साथै आव २०७८/७९ को अन्तिम असारमा ५५ लाख ५० हजार दुई सय किलो तरकारी निकासी गर्दा रु २० करोड २३ लाख १७ हजार पाँच सय रकम आएको व्यवस्थापन समितिका व्यवस्थापक शम्भु घिमिरेले बताउनुभयो।

उहाँका अनुसार आव २०७९/८० को पहिलो महिना साउनमा ५५ लाख ९१ हजार किलो तरकारीबाट रु २० करोड दुई लाख एक हजार सात सय ५०, भदौमा ४२ लाख ९२ हजार छ सय किलोको रु १८ करोड ८५ लाख ५२ हजार पाँच सय, असोजमा २५ लाख ६१ हजार आठ सय ७३ किलो तरकारीको रु २७ करोड ८० लाख ८३ हजार एक सय २५, कात्तिकमा १५ लाख ३३ हजार नौ सय किलोको रु नौ करोड ६३ लाख ७८ हजार दुई सय ५० र मङ्सिरमा २५ लाख ९७ हजार चार सय किलोको रु सात करोड १० लाख ६८ हजार चार सय ५० रकम प्राप्त भएको हो।

आव २०७९/८० को साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म गरी पाँच महिनामा १६ करोड ५७ लाख छ हजार सात सय ७३ किलो तरकारी निकासी गर्दा रु ८३ करोड ५० लाख ८४ हजार ७५ रकम सङ्कलन भएको कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीका अध्यक्ष तोरणबहादुर मगरले जानकारी दिनुभयो।

जिल्लाको लालबन्दी, हरिवन, हरिपुर र ईश्वरपुर नगरपालिका क्षेत्रमा किसानले उत्पादन गरेका गोलभैँडा, परबल, बोडी, सिमी, भन्टा, करेलालगायतका तरकारी लालबन्दीको बजारमा आउने गरेका कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ।

कृषि थोक बजार व्यवस्थापन समितिका अध्यक्ष मगरका अनुसार देशका सिन्धुली, रामेछाप, काठमाडौँ, पोखरा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगञ्ज, हेटौँडा, वीरगञ्ज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका स्थानमा लालबन्दीबाट तरकारी निकासी हुने गरेको छ।

लालबन्दीबाट टमाटर, भन्टा, बोडी, लौका, करेला, काँक्रो, फुलकोभी, बन्दा कोभी, घिरौँला, सिमी, भिङ्गनी, मूला, हरियो खुर्सानी, बेथुको साग, गाजर, भिन्डी, परबल, रूख कटहर, वल, फर्सी, धनियाँको पात, कागती, उदुवा, मटरकोसा, प्याज र भैँडेखुर्सानी गरी १६ करोड ५७ लाख छ हजार सात सय ७३ किलो तरकारी निकासी गर्दा रु ८३ करोड ५० लाख ८४ हजार ७५ रकम सङ्कलन भएको कृषि थोक बजार व्यवस्थापन समितिले जनाएको छ।

त्यसमध्ये सबैभन्दा धेरै परवल करिब एक करोड किलो निकासी भएको छ भने सबैभन्दा कम सिमी, रूख कटहर, धनियाँको पात, कागती, फर्सी, मटरकोसा, हरियो प्याज, वल, भिन्डी र भिँगनी निकासी भएको छ।रासस

# शैक्षिक पर्यटकीय गन्तव्य बन्दै संस्कृत विद्यालय




महोत्तरी । 'यह विद्यालय हमारी संस्कृति, सभ्यता और पहिचानका प्रतीक है, हमारी धरोहर है' (यो विद्यालय हाम्रो संस्कृति, सभ्यता र परिचयको प्रतीक हो, हाम्रो धरोहर हो) महोत्तरीको मटिहानी-७ स्थित तीन सय चार वर्ष पुरानो गुरुकुल (हालको राजकीय संस्कृत माध्यमिक विद्यालय) अवलोकनपश्चात् भारतीय विद्वान पूर्वीय दर्शनका ज्ञाता रमेशचन्द्र टिकमानीले आगन्तुक पुस्तिकामा लेख्नुभयो।

गत वैशाख ६ गते विद्यालय अवलोकनका लागि प्राध्यापक, अन्वेषक र विश्लेषकहरुको भारतीय टोली साथ आउनुभएका टिकमानीले भारत वर्ष (हालको दक्षिण पूर्वी एसिया क्षेत्र, आर्यावर्त) को पुरातन भाषा, साहित्यको विकास र संरक्षणमा राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीको योगदानको स्मरण गर्नुभएको छ। प्राचीन र वैज्ञानिक भाषा संस्कृतको संवर्द्धनमा विद्यालयको योगदानको टिकमानीले सराहना गर्नुभएको छ।

गत वर्ष मङ्सिर ६ गते राष्ट्रपति विद्यादेवी भण्डारीले यो विद्यालय अवलोकन गर्नु भएपछि यहाँ पाहुना आउने क्रम ह्वात्तै बढेको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको आगमनले विद्यालयको ओज बढेको प्रधानाध्यापक ईश्वरी पौडेल बताउनुहुन्छ। "बितेको एक वर्षभित्रै दुई सयभन्दा बढी विशिष्ट व्यक्तित्वको आगमन भएको छ, हामीले विद्यालयको अवस्थाबारे अवगत गराउन पाएका छौँ", पौडेल भन्नुहुन्छ । देश विदेशका विशिष्ट व्यक्तित्व र विभिन्न क्षेत्रका अध्येताहरुको बाक्लो आगमनले यो विद्यालय शैक्षिक पर्यटनको गन्तव्य बन्दै गएकामा मटिहानीवासी खुसी छन्।

पछिल्लो एक वर्षभित्र विश्वविख्यात क्याम्ब्रिज विश्वविद्यालयमा विद्यावारिधिको शोध गरिरहेका ग्रेस मुइलर र प्रमोदकुमार मेहताले गत वैशाखमै विद्यालयको अवलोकन भ्रमणसँगै यहाँको पठनपाठन र व्यवस्थापनबारे जानकारी लिनुभएको थियो।

त्यसैगरी संयुक्त राष्ट्रसङ्घीय कोषका नेपालस्थित विशिष्ट अधिकारी इरफान अलराई, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदी र प्राडा ऋषिराम पौडेलसहितका व्यक्तित्व गत भदौमा विद्यालय अवलोकनमा आउनुभएको थियो । त्यसैगरी गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, पूर्वमन्त्री हृदयेश त्रिपाठी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य किरण यादव, लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनल, मधेस प्रदेशका पूर्वप्रमुख डा राजेश अहिराज र भारतीय जनता पार्टीका नेता दिनेश उपाध्यायले पनि यस विद्यालयको अवलोकन गर्नुभएको छ।

यस्तै विभिन्न सरकारी निकायका वरिष्ठ अधिकारी, संवैधानिक अङ्गका पदाधिकारी, देशका विभिन्न विश्वविद्यालयका प्राध्यापकहरु, विभिन्न धार्मिक संस्थाका प्रमुखहरुले विद्यालय अवलोकनपछि आगन्तुक पुस्तिकामा 'यो विद्यालय मुलुककै शिक्षा क्षेत्रको जिउँदो इतिहास रहेको' भन्नेदेखि पुरातन भाषा, साहित्यको अध्ययन, खोज र संरक्षणमा विद्यालयले दिएको योगदानबारे उल्लेख गर्नुभएको छ।

विशिष्ट व्यक्तित्वसहित देश विदेशका अतिथिको सघन अवलोकनले विद्यालय शैक्षिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलको विश्वास छ। "गत वर्ष राष्ट्रपतिबाट भएको मटिहानी भ्रमणका क्रममा विद्यालय अवलोकनले विद्यालय परिवार र मटिहानीवासी हौसिएका छौँ", नगर प्रमुख मण्डल भन्नुहुन्छ, "स्थानीय तहको सीमाभित्रका काम हामी अघि बढाउँछौँ, प्रादेशिक र सङ्घीय सरकारको साथ पाए यो विद्यालय र यससँगै जोडिएको याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) लाई संस्कृत भाषा/साहित्य र पूर्वीय दर्शनको अनुसन्धान केन्द्रका रुपमा विकास गर्न सकिन्छ ।" अवलोकनमा आउनुभएका विशिष्ट व्यक्तित्वहरुबाट यसबारे पाएको प्रोत्साहन र सहयोगको आश्वासनले मटिहानीवासी हौसिएका मण्डलको भनाइ छ।

> **पछिल्लो समय शिक्षा मन्त्रालय, गुठी संस्थान र अन्य सम्बद्ध निकायको उदासीनताले पूर्वीय दर्शन र प्राचीन साहित्य अध्ययनको यो थलो क्रमशः आकर्षणविहीन बन्दै गएको यहाँका बासिन्दाको गुनासो छ। कुनै खास भूगोल क्षेत्र मात्र नभएर पूर्वीय वैदिक संस्कृतिको उज्यालो सबैतिर छर्दै आएको राजकीय संस्कृत माध्यमिक विद्यालय र याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठको संरक्षण र संवर्द्धनमा तीनै तहका सरकारले चासो बढाउनपर्ने माग अहिले बढेको छ।**

एकताका उच्च कुलीन ब्राह्मणका लागि मात्र शिक्षाको अवसर दिने यस संस्कृत पाठशालाको अब नाउँ मात्र फेरिएको छैन, राजकीय संस्कृत माध्यमिक विद्यालय सबै जातजाति र समुदायको साझा बन्दैछ। यहाँ अहिले विभिन्न जातजाति/धर्म सम्प्रदायका बालबालिका अध्ययन गर्दैछन्। "विद्यालयमा अहिले मधेसका मात्र नभएर पहाडी जिल्लाका दलित समुदायका छोरी पनि पढ्दैछन्", विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेल भन्नुहुन्छ, "छोरी शिक्षालाई त विशेष ध्यान नै दिएका छौँ, कक्षा ११ र १२ को शिक्षा पनि छोरीलाई पूर्ण निःशुल्क छ।" विद्यालयमा हिन्दू र बौद्ध परम्पराका मात्र नभएर इस्लाम धर्मावलम्बी छात्रछात्राको संस्कृत पढ्ने रहरले आफ्नो गुरुकुल सबैको साझा फूलबारी बनेको प्रधानाध्यापक पौडेल बताउनुहुन्छ।

भारतसँग सीमा जोडिएको महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालय जातीय दृष्टिले मात्र नभई पहाड-मधेस सम्बन्धको आधार बनेको छ। करिब तीन सय पाँच वर्षको इतिहास बनाएको यो गुरुद्वारा (विद्यालय) मा संस्कृत विषयको अध्ययन मोहले आउने पहाडी जिल्लाका वटुक (विद्यार्थी) को ठूलो उपस्थितिले यो पहाड-मधेस सम्बन्धको सेतु रहँदै आएको मटिहानीवासी बताउँछन् । यसबाहेक छिमेकी भारतका पनि उल्लेख्य सङ्ख्याका वटुक यहाँ अध्ययन गर्दछन्।

'हरिॐ नमस्ते रुद्र मण्याय...!' सखारैको रुद्राभिषेक पाठ। लामो टुपी पालेका पितवस्त्रधारी वटुकहरुको रुद्राभिषेक पाठसँगै सुरु हुने नियमित दैनिकीको चहलपहलले गुरुद्वाराको चहक सधैँ उजेलिएकै हुन्छ । विद्यालयमा पछिल्ला पाँच वर्षयता महर्षि फाउन्डेसनको सहयोगमा अखण्ड रुद्राभिषेक हुँदै आएको छ । "गुरुकुलका वटुकको अनुशासन, नित्य रुद्राभिषेक पाठ र योगध्यानसहितका कक्षा हाम्रो चित्तमा सधैँ रहने सम्झना हुन्", गुरुकूल रहेको महिटानी-७ का वडाध्यक्ष जितनारायण माझी भन्नुहुन्छ।

विद्यालय परिसरमा पुग्ने विशिष्ट पाहुनाको स्वागतमा विद्यार्थी वैदिक मन्त्रोच्चारणले न्यानो स्वागत र स्वस्तिवाचन गर्छन् । विद्यालयको दैनिक तालिकामा बाँधिएको नियमले सबैलाई अनुशासनमा बाँधेको छ। "बिहान उठ्ने, नित्यक्रियाबाट निवृत्त हुने, योगाभ्यास गर्ने, दैनिक रुद्री पाठ गर्ने, खाने, कक्षामा जाने, गृहकार्य गर्ने, घुम्ने, खेलकुद गर्ने र रात्रि विश्रामसम्मका सबै कामका निश्चित समय तालिका बाँधिएको छ", मटिहानीकै बासिन्दा जिल्लाका अग्रज पत्रकार विन्देश्वरीप्रसाद मण्डल भन्नुहुन्छ, "गुरुकुलले शिक्षा र सामाजिक अनुशासनको ज्ञान सँगसँगै दिएको छ।"

पहाडी विद्यार्थीसँगको हेलमेलले मटिहानीसँगै जोडिएको भारतीयबजार मधवापुरमा पनि नेपाली भाषा बुझ्ने बोल्ने प्रशस्त भेटिन्छन् । पहाडी विद्यार्थी पनि मिथिलाको स्थानीय भाषा मैथिली बोल्न पोख्त भएका छन्। विद्यालयमा आयोजन हुने अतिरिक्त क्रियाकलापमा वक्तृत्वकला, गायन र मनोरञ्जनात्मक कार्यक्रम पनि समाविष्ट छन् । गायन, वक्तृत्वकला र सरसफाइ सचेततामा विद्यार्थी अब्बल देखिँदा छन् । विद्यालयको स्थापित यो परम्परा र विद्यार्थीको अनुशासन आगन्तुक अतिथिका लागि आकर्षण बनेको छ।

विसं १७७५ मा स्थापित भनिने यो विद्यालयको प्रमाणिक अभिलेख भने विसं १८८२ देखिको भेटिएको छ । राजकीय संस्कृत माध्यमिक विद्यालयसँगै जोडिएर भगवान् लक्ष्मीनारायण र महामुनि याज्ञवल्क्यका नाउँमा स्थापित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) मा स्नातक तहसम्मको उच्च शिक्षा लिन पाएपछि यहाँ पढ्न आउने विद्यार्थीलाई थप सजिलो भएको हो।

अन्य विद्यालयमा कक्षा ९ देखि माध्यमिक तह मानिए पनि यहाँ भने कक्षा ८ देखि नै माध्यमिक तह मानिन्छ। अहिले विद्यालयका कूल एक सय पाँच विद्यार्थीमा छात्राको सङ्ख्या ४० प्रतिशतको हाराहारी छ। अन्य माध्यमिक विद्यालयमा जस्तै पठनपाठन हुने अनिवार्य विषयका अतिरिक्त अनिवार्य संस्कृत र ऐच्छिक विषयमा संस्कृतभित्रका साहित्य, ज्योतिष, वेद, व्याकरण, न्याय र कर्मकाण्डमध्ये दुईवटा विषय पढ्नुपर्ने हुन्छ। तीन/चार दशक पहिलेसम्म भरिभराउ विद्यार्थी हुने यो विद्यालयमा संस्कृततर्फको रुचि घट्दै गएर विद्यार्थी सङ्ख्या पातलिएको प्रधानाध्यापक पौडेलको ठम्याइ छ।

विद्यालयमा अध्ययन गर्ने ४४ जना छात्रछात्रालाई गुठी संस्थानले खानाबापत दाल, चामल र सागसब्जी, मसला, तेलभुटुन र इन्धनबापत नगद दिने गरेको छ। टाढाटाढाबाट पढ्न आउने विद्यार्थीका लागि खाट, ओढ्ने ओछ्याउने लुगा र खाना व्यवस्थापनको कुरासम्म माँङ्चाङ्बाट चलेको प्रधानाध्यापक पौडेलको भनाइ छ। धेरैजसो अत्यन्त निर्धन परिवारका नै आफ्नो विद्यालयका छात्रछात्रा रहेका पौडेलले बताउनुभयो।

बालगुरु षडाननले समेत शिक्षा लिएका मानिने यो विद्यालय तश्मैया बाबा (तश्मैया नाउँका साधक, मुनि) ले स्थापना गरेर यसको सञ्चालन गुठीबाट हुने व्यवस्था मिलाएका मटिहानीका बूढापाका बताउँछन् । पछिल्लो समय शिक्षा मन्त्रालय, गुठी संस्थान र अन्य सम्बद्ध निकायको उदासीनताले पूर्वीय दर्शन र प्राचीन साहित्य अध्ययनको यो थलो क्रमशः आकर्षणविहीन बन्दै गएको यहाँका बासिन्दाको गुनासो छ। कुनै खास भूगोल क्षेत्र मात्र नभएर पूर्वीय वैदिक संस्कृतिको उज्यालो सबैतिर छर्दै आएको राजकीय संस्कृत माध्यमिक विद्यालय र याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठको संरक्षण र संवर्द्धनमा तीनै तहका सरकारले चासो बढाउनपर्ने माग अहिले बढेको छ।रासस

# फरार रहेका आपराधिक क्रियाकलापमा सङ्लग्न १५ पक्राउ

काठमाण्डु । काठमाण्डु जिल्ला प्रहरी परिसरले फरार भएका आपराधिक क्रियाकलापमा सङ्लग्न १५ जनालाई पक्राउ गरेको छ।

काठमाण्डु प्रहरीले एकै दिन लागुऔषध, सवारी ज्यान, विद्युतीय कारोबार अपराध, लिखित कीर्ते, कीर्ते जालसाजी, सम्बन्धविच्छेद, बैंकिङ कसुर र जुवालगायत कसुरमा सम्लग्न १५ जनालाई पक्राउ गरी मङ्गलबार सार्वजनिक गरेको हो।

परिसरका प्रवक्ता तथा प्रहरी उपरीक्षक दिनेशराज मैनालीले विभिन्न मितिमा काठमाडौँ जिल्ला अदालतले कैद र जरिवनाको फैसला सुनाएकामा फरार रहेका १५ जनालाई पक्राउ गरी फैसला कार्यान्वयनका लागि अदालत पेस गरिएको जानकारी दिनुभयो। अदालतले पक्राउ परेकालाई चार वर्ष ११ महिना २८ दिन कैद र रु ३७ लाख ९० हजार सात सय ३१ जरिवाना असुल गर्न आदेश दिएको थियो।

मङ्गलबारै प्रहरीले विसं २०५० साउन ११ गते लागुऔषध मुद्दामा अदालतबाट चार वर्ष ११ महिना १९ दिन कैद र रु पाँच हजार जरिवाना भएपछि फरार काठमाडौँ मैतीदेवीका ५९ वर्षीय श्यामकृष्ण शाहीलाई १९ वर्षपछि पक्राउ गरेको थियो। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौँ पेस गरिएको प्रवक्ता मैनालीले बताउनुभयो।रासस

# बुस्टर डोजका लागि माघमा १५ लाख मात्रा आउने

काठमाण्डु । कोरोना भाइरसविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि खोप आउने भएको छ । 'भ्याक्सिन र खोपको लागि ग्लोबल एलायन्स' 'गाभी'ले १५ लाख मात्रा खोप दिने भएको हो।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा खोप शाखाका प्रमुख सागर दाहालले एक महिनापछि आगामी माघ १९ गते सो परिमाणको खोप आउने भएको जानकारी दिनुभयो।

यही पुस १४ गते सरकारले बुस्टर डोज खोपका लागि औपचारिक रूपमा 'गाभी'लाई पत्र लेखेको थियो । कोरोना भाइरसको सङ्क्रमण बढिरहेको बेला सरकारले बुस्टर डोज खोप ल्याउने तयारी गरेको हो।

उहाँका अनुसार अमेरिकाबाट गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई खोप उपलब्ध गराउने छ। सरकारले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि बुस्टर डोज नलगाएका सबैलाई खोप लगाउन आग्रह गरेको छ।

सरकारले बुस्टर डोजका लागि मात्र प्रयोग हुने फाइजर खोप ल्याउन लागेको हो। छिमेकीमूलुक भारत र चीनमा विएफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ।

यस्तै मन्त्रालयले सङ्क्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुन पानीले हात धुन वा सेनिटाइजर नियमित प्रयोग गर्न समेत आग्रह गरेको छ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : शिक्षामा उन्नति। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : अवसर प्राप्त। |
| कूम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**उखु तौल गर्दै किसान** : महोत्तरीको भोलही गाउँमा उखु बेच्नु भन्दा पहिले उखु तौल गर्दै किसान।

*तस्विर : रासस*

# गरिबको सहारा बन्दै रिक्शा चालक तिमल्सिना

**टुडे समाचारदाता**

गौर । रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका-४का ई रिक्सा चालक केदार प्रसाद तिमल्सिना सामाजिक कार्य गरेर गरिब विपन्नहरुको लागि सहारा बनेका छन् ।

दैविक प्रकोप विपद् परेको बेला , चिसोको मौसममा आफ्नोतर्फबाट प्रत्येक वर्ष गरिब असहाय परिवारलाई सहयोग गर्दै आएका तिमल्सिना अहिले बढ्दै गएको चिसोको बेलामा न्यानो कपड़ा बाँडेर सबैका समाजमा उदाहरण बन्न सफल भएका छन् ।



जिल्लाको उत्तरी भेगको दर्जनौ गरिब वस्तीमा पुगेर तिमल्सिनाले गरिब परिवारलाई न्यानो कपडा वितरण गरेका छन् । उनले गरिबको पीडा सहन नसकिने भएकोले आफूले मेहनत गरेर सहयोग गर्ने गरेको बताए । बाढीको बेलामा राहत सामग्री दिने गरेका तिमल्सिनाले आफै गरिब भए पनि मनले ठूलो धनी भएको पुष्टि गरेका छन् ।

तिमल्सिना चिसोको मौसममा गरिब परिवारलाई सहयोग गर्नका लागि न्यानो कपड़ा व्यवस्थापन र वितरण गर्दै आएका छन् ।

चन्द्रपुर नगरपालिका-९मा रहेको दलित वस्तीमा पुगेर तिमल्सिनाले ८० परिवारलाई न्यानो कपडा वितरण गरेका छन् । यस अघि उनले वडा नम्बर ८ मा न्यानो लुगा वितरण गरेको बताए ।

# क्षमता अभिवृद्धि तालिम

**टुडे समाचारदाता**

जनकपुरधाम । संघ,प्रदेश र स्थानीय तहका अधिकृत तथा सहायक स्तरका कर्मचारीहरुका लागि ३० दिने सेवाकालीन तालिम बुधबार सम्पन्न भएको छ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मुजेलियाको आयोजनामा सम्पन्न भएको सो तालिममा सहभागी सातौं र आठौं तहका ३५ जना कर्मचारीहरुलाई प्रमाणपत्र वितरण गरिएको छ ।




केन्द्रका लेखा अधिकृत जीतेन्द्र प्रसाद यादवले दिएको जानकारी अनुसार प्रदेश तथा स्थानीय तहमा कार्यरत सातौं तथा आठौं तहका कर्मचारीहरुको क्षमता अभिवृद्धि सेवा प्रवाहमा गुणस्तरीयता तथा नागरिकलाई मैत्रीपूर्ण वातावरणमा सेवा प्रवाह गर्ने लगायतका विषयमा दक्षताका लागि प्रशिक्षण दिइएको छ ।

तालिममा प्रशासनिक तथा प्राविधिकतर्फका कर्मचारीहरुको सहभागिता रहेको थियो भने स्थानीय तहका सव ईन्जिनियरहरुको सहभागितासमेत रहेको थियो ।

तालिमले संघ,प्रदेश तथा स्थानीय तहमा नागरिकलाई चुस्त दुरुस्त सेवा प्रवाह गर्न र कर्मचारीको कार्य सम्पादनमा ठूलो सहयोग पुग्ने उद्देश्यका साथ तालिमको आयोजना गरिएको थियो ।

# संघको अध्यक्षमा जयसवाल

**सिकेन्द्र पासवान**

कलैया । जिल्ला सहकारी संघ लिमिटेड बारा कलैयाको अध्यक्ष नेपाली काँग्रेस मधेश प्रदेशका सदस्य तथा सहकारी अभियन्ता उपेन्द्र जयसवाल संचालक समितिको अध्यक्षमा चयन भएका छन् । सहकारीकर्मीहरुको एक भेलाले जयसवाललाई सर्वसम्मतले अध्यक्ष चयन गरेको छ। त्यसै गरी संचालक समितिको उपाध्यक्षमा सतेन्द्र ठाकुर, सचिवमा मिश्रीलाल सहनी र कोषाध्यक्षमा नयनकला खडका निर्वाचित भएका छन् ।




त्यस्तै समितिका सदस्यहरुमा सिकेन्द्र पासवान, विजय कुमार स्वर्णकार, मुकुन्द बहादुर क्षेत्री, संजला खातुन, अस्तुनदेवी चौधरी, बिन्दा सिंह, रामाधार ठाकुर निर्वाचित भएका छन् । राष्ट्रिय महासंघको केन्द्रीय प्रतिनिधिका लागि सदस्य विजय स्वर्णकारलाई पठाउने निर्णय समेत गरिएको छ । जिल्ला सहकारी संघलाई अद्यावधिक गर्ने निर्णय गरिएको छ । यसैबीच नव निर्वाचित अध्यक्ष जयसवाललाई महागढीमाई नगरपालिकामा मेयर उपेन्द्र यादव, र जनजागरण युवा क्लवका अध्यक्ष भैयाराम यादवले दोसल्ला ओढाई सम्मान गरेका थिए ।

# कैदी स्थानान्तरण

चितवन । कारागार कार्यालय चितवनका कैदीबन्दीको चाप बढेसँगै कारागार प्रशासनले १५ महिला कैदीबन्दीलाई स्थानान्तरण गरेको छ। उनीहरूलाई मकवानपुरको भीमफेदी कारागार पठाइएको हो ।

कार्यालयका प्रमुख कमलप्रसाद आचार्यका अनुसार २५ कैदीबन्दीको क्षमता रहेको महिला कैदीबन्दी गृहमा ६८ जना पुगेपछि उनीहरूलाई स्थानान्तरण गरिएको हो। योसँगै अहिले यहाँको महिला कैदीबन्दी गृहमा ५२ जना रहेका छन्। उनीहरूसँग चारजना आश्रित बालबालिकाछन् । उनीहरूलाई पुस १२ गते स्थानान्तरण गरिएको उहाँले बताउनुभयो । भीमफेदी कारागारमा महिलाका लागि नयाँ कैदीबन्दी गृह बनेसँगै उनीहरूलाई स्थानान्तरण गरिएको हो। यस अघि मकवानपुरमा महिला कैदीबन्दी गृह थिएन । जसका कारण त्यहाँबाट कारागार कार्यालय चितवन पठाउने गरिन्थ्यो ।कारागार कार्यालय चितवनमा अहिले सात सय २८ पुरुष कैदीबन्दी छन् । दुई सय ५५ जनाको क्षमता रहेको यस पुरुष कैदीबन्दी गृहमा कैदीबन्दीको चाप उच्च रहेको छ ।

छिमेकी जिल्ला नवलपुरमा कारागार कार्यालय नहुँदा त्यहाँका कैदीबन्दीसमेत यहाँ आउने भएकाले चाप बढेको हो । पुरुष कैदीबन्दीको चाप बढेसँगै केही महिना अघि ५५ जनालाई स्थानान्तरण गरिएको थियो ।रासस

# पोखरीको सौन्दर्यकरणको शिलान्यास

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामको श्रीराम युवा कमिटी (बौद्धिमाई मन्दिर) छेउमा रहेको अग्निकुण्ड रामसागर पोखरीको सौन्दर्यकरण कार्यको शिलान्यास गरिएको छ । बुधवार वैदिक परम्परा अनुसार जनकपुरधाम उप-महानगरपालिकाका प्रमुख मनोजकुमार साहले सौन्दर्यकरण कार्यको शिलान्यास गरेका छन् ।

सोका लागि शहरी विकास कोष अन्तर्गत पर्ने संघीय विकास मन्त्रालयले रु दुई करोड ६३ लाख ५६ हजार नौ सय १३ बजेट विनियोजन गरेको छ ।



वि.सं २०८० जेठ २५ गतेसम्म सागरको घाट निर्माण तथा सौन्दर्यकरणको काम सम्पन्न गरिसक्नु पर्ने सम्झौतामा उल्लेख छ ।

# ओबिसीका अध्यक्ष ठाकुर निलम्बनमा

जनकपुरधाम । नेपाल पिछडावर्ग महासंघ (ओबिसी) ले अध्यक्ष गजेन्द्र ठाकुरलाई निलम्बन गरेको छ । अध्यक्ष ठाकुरले महासंघको निर्णय विपरीत मंसिर ४ गते सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनमा रौतहट क्षेत्र नं. १ (ख) बाट स्वतन्त्र उम्मेदवारी दिएकोले उनलाई निलम्बन गरिएको छ । महासंघका महासचिव बबिता देवी, सचिव महेन्द्र महतो र केन्द्रीय प्रवक्ता शशी कुमार महतोलगायतले बुधबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी अध्यक्ष ठाकुरलाई बहुमत सदस्यको बैठकबाट निर्णय गरी निलम्बन गरिएको जानकारी दिएका छन् ।




प्रदेशसभा सदस्य पदको निर्वाचन अन्तर्गत चुनावी गतिविधिमा अध्यक्ष ठाकुरले संस्थाको लोगो र झण्डा प्रयोग गरेको कुरा उनको फेसबुक पेजबाट पुष्टि भएको महासचिव बबिता देवीले बताइन् । त्यस्तै पुस २२ गते काठमाण्डुको अनामनगरमा हुने भनिएको महासंघको साधारणसभा समेत स्थगित गरिएको उनले बताए । उनले आगामी माघ ६ र ७ गते जनकपुरधाममा महासंघको विशेष महाअधिवेशन हुने जानकारी दिए।

# नेपाली सेनाको दीक्षान्त समारोह



**टुडे समाचारदाता**

जीतपुर । बाराको जीतपुर स्थित नेपाली सेनाको आधार तालिमको अन्तिम दिन दलेल कवाज दीक्षान्त समारोह सम्पन्न भएको छ । बाहिनीको आयोजनामा भएको कार्यक्रममा तालिम प्राप्त गरी सेनामा नियुक्त भएका एक सय ४३ जना सिपाहीहरुले परेड तथा मार्चपास प्रदर्शन गरेका थिए । बाहिनीका बाहिनीपति प्रमुख सहायक रथी सानुकाजी थापाको उपस्थितिमा सम्पन्न कार्यक्रममा उनीहरुलाई सपथ समेत गराइएको थियो। नौ महिने तालिममा सिन्धुलीका भेष कुमार थापा सर्वोत्कृष्ट हुन सफल भएका छन्।

कार्यक्रममा विएफ टि दौडतर्फ दिनेश बहादुर थिङ्ग , पाँच किलो दौडतर्फ लाल बहादुर कार्की, , फायरिङ्ग तर्फ दिपेन्द्र चौधरी, ड्रिल तर्फ छत्र रासकोटी, बाधापार तर्फ मनोज कुमार आले प्रथम भएका छन् ।

प्रथम हुनेहरुलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवाल , पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल लगायत बारा र पर्सा जिल्लाका प्रहरी प्रमुख जनप्रतिनिधि, उद्योगी व्यापारी, सेनाका अधिकृत लगायतको सहभागिता रहेको थियो।

# वैदेशिक रोजगारबाट फर्केकाको तथ्याङ्क सङ्कलन

भरतपुर । भरतपुर महानगरपालिकाले वैदेशिक रोजगारबाट फर्केकाको तथ्याङ्क सङ्कलन सुरुआत गरेको छ । उनीहरूले आर्जन ज्ञान र सीपको उपयोग गरी स्वदेशभित्र रोजगारी उपलब्ध गराउन महानगरपालिकाले तथ्याङ्क सङ्कलन थालनी गरेको हो ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार बोर्डले स्थानीय तहको सहकार्यमा कार्यक्रम सञ्चालनका लागि महानगरपालिकाका २९ वटै वडामा तथ्याङ्क सङ्कलन भइरहेको महानगरपालिकाका उपसचिव गणेश नेपालीले जानकारी दिनुभयो ।

वैदेशिक रोजगार बोर्डको सचिवालयबाट स्वीकृत पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७९ बमोजिम कार्यक्रम सञ्चालन हुने उनको भनाइ छ ।

कार्यक्रम स्थानीय तहको माग, आवश्यकताबमोजिम स्थानीय तहमार्फत सञ्चालन हुनेछ। स्वदेशभित्रै रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गरी वैदेशिक रोजगारी माथिको परनिर्भरतालाई क्रमशः कम गर्दै लैजाने उद्देश्यअनुरूप कार्यक्रम सञ्चालन हुन लागेको नेपालीले बताउनुभयो।

"महानगरपालिकाका सबै वडामा यसबारे पत्राचार गरी सकेकाछौँ", उहाँले भन्नुभयो, "वडा कार्यालयमार्फत पुस २२ गतेभित्र तथ्याङ्क सङ्कलनपछि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले इच्छाएका कार्यक्रम सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइनेछ।"

उहाँका अनुसार वैदेशिक रोजगारबाट फर्केका इच्छुक व्यक्तिले नागरिकता र राहदानीको फोटोकपीसहित निर्देशिकाले तोकेको ढाँचामा महानगरपालिकाको रोजगार सेवा केन्द्रमा निवेदन पेस गर्नुपर्नेछ।रासस

# गोदाममा छापामारी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगञ्ज महानगरपालिका- ११ रानीघाट स्थित चामल गोदाममा छापामारी गरेको छ । अवैध तरिकाले भन्सार छली भित्रियाइएको चामल राखिएको आशंकामा रानीघाट स्थित ३ वटा चामलको गोदाममा छापामारी गरिएको छ। वडा प्रहरी कार्यालय वीर्ताका प्रहरी निरीक्षक विशाल मल्ल एवं वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षकको संयुक्त टोलीले छापामारी गरेको जनाइएको छ।



छापामारीको क्रममा पर्सा प्रहरीले ९ सय बोरा अवैध तरिकाले ल्याएको चामलको बोरा बरामद गरेको छ। बरामद गरिएको चामल भन्सारमा बुझाइने प्रहरीले जनाएको छ। बरामद गरिएको गोदामको नाम समेत रहेको छैन ।


## कुवेतको लुलु हाईपर सुपर मार्केटमा फ्री भिसा फ्री टिकटमा रोजगारको अवसर

| क्र.सं. | पद | माग संख्या | तलब | काम गर्ने समय | खाना सुविधा | बस्न सुविधा |
|---|---|---|---|---|---|---|
| १ | क्लिनर | ८० | ५६२५०।- | ८ घण्टा | छ | छ |
| २ | सेल्समेन | २० | ६३७५०।- | ८ घण्टा | छ | छ |
| ३ | क्यासियर | ३० | ६७५००।- | ८ घण्टा | छ | छ |
| ४ | स्टोर कपिर | ३० | ६३७५०।- | ८ घण्टा | छ | छ |
| ५ | अफिस ब्वाई | २० | ६००००।- | ८ घण्टा | छ | छ |

**नोट**:- डकुमेन्ट सेलेक्सन भइसकेपछि अनलाइन मार्फत इन्टरभ्यू गराइने छ। साथै यूरोप, क्रुरोसिया, माल्टा, रोमानिया र पोचुर्गल को वर्किङ्ग भिसा सम्बन्धी काम भइरहेछ।

**न्यू इन्टरनेशनल जब सर्भिस प्रा.लि.**
सिनामंगल, काठमाडौं
फोन नं. ०१-५९१४३९१/९७४५५५१२०६




## छुट सुविधा उपयोग गर्ने बारे सूचना

आर्थिक ऐन, २०७९ बमोजिम देहायका करदाताको लागि निम्न प्रकारका छुट तथा सहुलियत सम्बन्धी (स्किम) व्यवस्था भएको छ । स्कीममा सहभागी हुने समय सीमा २०७९ पौष मान्त सम्म मात्र भएकोले समयमै कर सहभागिता जनाई उपलब्ध सुविधा तथा सहुलियत उपयोग गर्न यो सूचना प्रकाशित गरिएको छ । सुविधा तथा सहुलियत सम्बन्धी विस्तृत व्यहोरा आर्थिक ऐन, २०७९ तथा अन्तरिक राजश्व विभागको वेबसाइट ird.gov.np र सम्बन्धीत आन्तरिक राजश्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

- आर्थिक ऐनको दफा २५ करयोग्य कारोवार गरिरहेका र हालसम्म करको दायरामा नआएका व्यक्तिले स्थायी लेखा नम्बर लिएर विगत तीन वर्षको आय विवरण र कर २०७९ पौष मसान्तसम्म बुझाएमा त्यस अघिको कर, शुल्क र व्याज मिन्हा पाउने ।
- दफा २६ संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) करदाताहरुले २०७८ चैत्र मसान्त सम्मको मूल्य अभिबृद्धि कर विवरण वा विवरण अनुसारको कर बुझाउन बाँकी भएको भए बुझाएन बाँकी विवरण, कर र व्याजको ५० प्रतिशत रकम २०७९ पौष मसान्तसम्म बुझाएमा बाँकी व्याज, थप दस्तुर र जरिवाना छुट पाउने ।
- दफा २७ अन्तःशुल्क इजाजतपत्रवालाको २०७८ चैत्र मसान्त सम्मको विवरण वा विवरण अनुसारको अन्तःशुल्क बुझाउन बाँकी भएको भए बुझाउन बाँकी विवरण, अन्तःशुल्क र विलम्ब शुल्कको ५० प्रतिशत रकम २०७९ पौष मसान्तसम्म बुझाएमा जरिवाना र बाँकी विलम्ब शुल्क छुट पाउने ।
- दफा २८ अन्तःशुल्क इजाजतपत्रवाला उद्योगले १५ वर्ष भन्दा पुराना मौज्दातको लागत कट्टाको लागि २०७९ पौष मसान्तसम्म निवेदनदिने ।

**आन्तरिक राजश्व कार्यालय**
जनकपुरधाम, धनुषा



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भिजनविहीन जसपा

सदियौंदेखि शोषित रहेका मधेशका मूलबासिन्दाहरुलाई अधिकार सम्पन्न बनाउन नेपालमा कयौं पटक आन्दोलन भएको इतिहास छ। तर सबै भन्दा प्रभावकारी आन्दोलन २०६२ (०६३ मा भएको थियो । तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा भएको सो आन्दोलनको मुख्य लक्ष्य राज्यद्वारा पछाडि पारिएका शोषित, दलित, मधेशी, महिला, आदिवासी, जनजातिहरुलाई राज्यको मूलप्रवाहमा ल्याउनु थियो । त्यसका लागि हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्वको माग गरिएको थियो । आन्दोलन उत्कर्षमा पुगेपछि तत्कालीन सरकारले मधेशको मागलाई अन्तरिम संविधान मार्फत सम्बोधन गरेको थियो । तर त्यसको कार्यान्वयन भन्दा पनि २०७४ सालको संविधानले मधेश आन्दोलनबाट प्राप्त अधिकारहरुलाई समेत संकुचित गरे । संविधान जारी हुनु भन्दा पूर्व मधेशमा कयौं पटक विद्रोह भयो । कयौं मधेशी सपुतहरुले ज्यानको आहुती दिए । तर तत्कालीन सत्तासीन नेताहरुले त्यो विद्रोहको उपहास गरे । त्यस मध्येका कतिपय नेताहरु अहिले पनि सत्तामा अथवा त्यसको वरिपरि रहेका छन् । मधेशी जनअधिकार फोरमबाट प्राप्त गरेको शक्तिलाई त्यसका अध्यक्ष उपेन्द्र यादवले सञ्चित गर्न सकेनन् । सत्ता केन्द्रित राजनीति गर्ने क्रममा उनले मधेशको अधिकार हनन् गर्नेहरुसित अपवित्र गठबन्धन गरे । मधेशी जनअधिकार फोरमको नाम परिवर्तन गर्दै आजको दिनमा जनता समाजवादी पार्टी (जसपा) बनाइएको छ । मधेशको उर्जाले अझै रिचार्ज भइरहेको जसपाले राष्ट्रिय स्तरको दल बन्ने अनावश्यक महत्वाकांक्षा राख्दा मधेशलाई ठूलो क्षति भएकोछ । जसपा पार्टीको लोकप्रियता घटेको छ । मधेशी विरोधी सित साँठगाँठ गर्ने जसपालाई मधेशी मतदाताहरुले मतदान गरेको देखिएन् । तत्कालीन जनशक्ति पार्टीसित एकीकरण गरेको जसपालाई डा.बाबुराम भटट्राईले कब्जा गर्न लागेका थिए। बल्लतल्ल त्यहाँबाट जोगिएका जसपालाई अब माधवकुमार नेपाल नेतृत्वको नेकपा एससित र प्रचण्ड नेतृत्वको माओवादी केन्द्रसित एकीकरण गर्ने प्रयास सुरु भइसकेको छ। प्रष्ट दृष्टिकोण नभएको कारण जसपाको नेतृत्वमा विचलन आएको छ । जसपाको नेतृत्वसित प्रमुख नेताहरु असन्तुष्ट भएका छन् । हालै सम्पन्न भएको आम निर्वाचनमा जसपाको कमजोर परिणामको कारण नेतृत्वले आन्तरिक कमजोरी भनेकोछ । तर एमालेसितको तालमेलले भएको क्षतिको हिसाब गरिएको छैन् । जसपाका उम्मेदवार जित्ने निश्चित भएका क्षेत्रहरु समेत एमालेलाई जिम्मा लगाउने र एमालेका उम्मेदवारलाई जिताउन जसपाबाट उम्मेदवार उठाउने नेताहरु प्रमुख रुपमा कमजोर परिणामको जिम्मेवार हुन् । दूरदृष्टि नभएका नेताहरुको कारण जसपा सैद्धान्तिक रुपमा नै धराशायी हुन थालेको छ । जसपाले जनतासित प्रत्यक्ष सरोकार राख्ने मुद्दालाई ओझेलमा छोडेकोछ। जसपाले गठबन्धन गर्ने दलले मधेशको मागलाई सम्बोधन गर्न चाहेकै छैन् । मधेश विरोधी कित्ताका दलहरुसित साँठगाँठ गरी सरकारमा पुग्न सहज हुन सक्छ। तर लामो समय मधेशी जनताको माझमा रहेर राजनीति गर्न कठिन छ। राजनीतिमा प्रष्ट दूरदृष्टि हुनु आवश्यक छ।

# अहंकारी देउवा, धूर्त ओली र चतुर खेलाडी प्रचण्ड



डा. रामसागर पंडित

यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनबाट सबैभन्दा ठूलो दल नेपाली काँग्रेस बनेको छ। नेपाली काँग्रेसको अध्यक्ष शेरबहादुर देउवा हुनुहुन्छ। पार्टीको यशअबजस अध्यक्षको नाताले शेरबहादुर देउवा कै टाउकोमा जान्छ । यस निर्वाचनमा जम्मा बा्रहवटा पार्टी तथा पाँच स्वतन्त्र संसदमा प्रवेश पाएका छन् । यसमध्ये नेपाली काँग्रेस ८९ सिट ल्याएर सबभन्दा ठूलो पार्टी बनेको छ । यस्तै क्रमशः नेकपा (एमाले) ७८, नेकपा (माके) ३२, रास्वपा २०, राप्रपा १४, जसपा १२ र जनमत ६ ल्याएका छन् । यी पार्टीहरू रीष्ट्रिय पार्टीका रूपमा संसदमा प्रवेश गरेका छन् । नेकपा (एस), नागरिक उन्मुक्ति पार्टी (नाउपा), लोसपा, राजने र नेमकिपा जस्ता पार्टीहरू राष्ट्रिय पार्टीको पंक्तिमा आउन सकेनन् । यसपालि स्वतन्त्र सांसदका सङ्ख्या ५ रहेछन् । २०७४ सालमा भएको निर्वाचनबाट बनेका राष्ट्रिय पार्टीहरूमध्ये लोसपा यसपालि राष्ट्रिय पार्टी बन्न सकेन। यसपालिको निर्वाचनले कुनै एउटा पार्टीको सरकार बनाउन ५१ प्रतिशतको बहुमत दिएन। यी सबै पार्टीहरू दुई खेमामा जाँदा पनि माओवादीकेन्द्र बिना सरकार बनाउन न्यूनतम् संख्या पुग्दैन थियो । त्यसैले नेपाली काँग्रेस र नेकपा (एमाले) माओवादी केन्द्रलाई आ-आफ्ना पक्षमा ल्याउन प्रलोभन देखाउन थाले । उता नेपाली काँग्रेस र एमाले समीकरणको कुरा पनि उठेकै थियो, तर काँग्रेसले ओलीसँग सरकार बनाउने इच्छा प्रकट नगरेकोले दुबैको मिलिजुली सरकार बन्न सकेन।

यता नेपाली काँग्रेसले आफूलाई सरकार बनाउन कुनै समस्या छैन भने बराबर उद्घोष गर्दै गरेको देखिन्थ्यो । राष्ट्रपतिबाट नेपालको संविधान अनुसार सात दिनको समय सीमा दिई सरकार बनाउने पार्टीहरूलाई आग्रह गरेका थिए।

एकदिनमात्र बाँकी रहँदासम्म नेपाली काँग्रेस ढुक्क थिए कि हाम्रो गठबन्धनको सरकार बनाउनबाट कसैले पनि रोक्न सक्दैन। गठबन्धनका शीर्ष नेताहरू आपसी कुराकानीमा औपचारिक रूपले छलफललाई निरन्तरना दिएकै थिए । प्रचण्डले सरकार बनाउन चलेको छलफलमा आफूलाई अढाइ वर्षका लागि प्रधानमन्त्री पदमा राख्नुस् भन्दा देउवाले उत्तरमा भन्नुभयो अहिले मलाई दिनु अनि अढाइ वर्ष पछि तपाई लिनुहोला। त्यसपछि प्रचण्डको के आग्रह भयो भने तब मलाई राष्ट्रपति दिनुस्। देउवाले प्रधानमन्त्री तथा राष्ट्रपति दुबैमध्ये कुनै पनि दिन तयार हुनुभएन। यता गठबन्धनको बैठक बसी रहँदा उता ओलीको निवासमा अर्को बैठक चलि रहेको थियो । ओलीले प्रचण्डलाई प्रधानमन्त्री दिन तयार भए पछि प्रचण्डका मान्छेहरू तुरून्त फोन गरेर प्रचण्डलाई बोलाइए र प्रधानमन्त्री दिने कुरा विस्तारमा खुलस्त गरे। प्रचण्ड अहिले नेकपा (एमाले), नेकपा (माके), रास्वपा, राप्रपा, जसपा, जनमत लगायत केही स्वतन्त्र सांसदहरूको समर्थनमा प्रधानमन्त्री बनेका छन्।

उता नेपाली काँग्रेसले हातमा आएको अवसरलाई गुमाएको छ। नेपाली काँग्रेसमा दुरदर्शिताको अभाव देखियो । नेपाली काँग्रेसलाई के लागेको थियो भने प्रचण्ड र ओली यति चारै एक ठाउँमा आउन सक्दैनन् । तर देउवा के कुरा बुझ्न सकेनन् भने राजनीतिमा कुनै कसैको शत्रु र मित्र हुँदैन । यसै कुरालाई मनन गरी प्रचण्ड ओली नजिक पुग्न तयार भए र अहिलेको सरकारको प्रधानमन्त्री बन्न अवसर समेत पाएका छन् । राजनीति बृतमा विभिन्न कुराको अडकलबाजी चल्न थालेका छन् । कतिको के भनाइ छ भने प्रचण्डले यति छिटो देउवासँग दूरी बढाउनु हुदैन्थ्यो । अर्का थरिको के भनाइ छ भने अवसर पाए पछि अवसरलाई हातबाट जान्न दिनु हुदैन थियो । यो एउटा दूरगामी सोच हुनसक्छ।

जुन नेतामा दूरगामी सोच हुँदैन, उनले समयलाई समात्न सक्दैनन् र हातबाट पाएको अवसर समेत गुम्न बेर लाग्दैन । नेपाली काँग्रेसको के सोच थियो भने प्रचण्डलाई कुनै मेजर पद नदिए पनि गठबन्धनबाट बाहिर जान सक्दैनन् । यता राजनीतिको गणितलाई प्रचण्ड पनि राम्ररी बुझेर अगाडि बढ्न चाहन्थे। यदि देउवामा ठूलो पार्टी भएको कुरामा अहंकार नभएको भए अहिले प्रधानमन्त्री नेपाली काँग्रेसको हुन्थ्यो र राष्ट्रपतिमा प्रचण्डले कुनै नेतालाई बसाउने तयारीमा हुन्थे होलान् । अर्कोतिर देउवाले के विर्सनुभयो भने सरकार नभनेर परामादेशबाट बनेको सरकार भन्नेगर्थे । अर्कोकुरातिर लाग्दा जुन कुराका लागि ओली र प्रचण्डको बीचमा झगडा परेको थियो आज ओली त्यस कुरामा हारेका छन् र प्रचण्ड जितेका छन् । अर्कोतिर जुन जुन नेतालाई धपाउने कुरो गरेका थिए आज त्यही नेताहरू सरकारमा सामेल हुँदैछन् । एकातिर ओली आफ्ना धुर्त्याइले आंशिक सफल भएका छन् भने आंशिक असफल भएको देखिन्छ । कहिले काँही बढी धुर्त्याइले मान्छेलाई सही बाटोबाट बिचलित पनि बनाएको देखिन्छ। ओलीको सबैभन्दा ठूलो दुश्मनी प्रचण्ड तथा माधव नेपालसँग थियो । प्रचण्डलाई सरकारको प्रधानमन्त्रीमा ल्याएर प्रचण्ड र माधवको बीचमा दुरी बढाएर माधव नेपाललाई अझ साध्न खोजेका छन् कि ! यदि त्यस्तो हो भने अहिले नै प्रचण्डले माधव नेपालको बारेमा गहिरो रूपले सोच्ने बेला छ। आज माधव नेपाललाई तह लगाएर भोली प्रचण्डसँग बदला लिन बेर लाग्दैन । ओलीको प्रवृति राजनीति क्षेत्रमा सबैलाई थाहै छ।

पार्टीको अध्यक्ष हुँदा पनि ओलीले पार्टीलाई हाँकेको तौरतरिका कसैबाट लुकेको छैन । कति नेतालाई तह लगाइ सकेका छन् । उहाँमा के एकहोरोपन रहेछ भने म जे भन्छु त्यही ठीक हो, गठबन्धनबाट बन्ने सरकारमा सबैको महत्व उतिकै हुन्छ । पदीय दृष्टिले कोही माथि कोही तल रहनु एउटा बेग्लै कुरो हो। कहिले काँही त एउटै सांसदले सरकार ढाल्न सफल हुन जान्छ । यहाँ देउवाले यस्ता कुराबाट पर बसेर कुरा गरेको देखिए । यदि मिलिजुली सरकारको प्रकृतिलाई हेरेको भए सरकार हातबाट जाने कुरै थिएन। गणितीय हिसाबले हेर्दा यस देशमा बढी सिट त बामपन्थी कै देखिन्छ। यदि सबै बामपन्थी एकै ढिक्का भएर लडेको भए अहिले बामपन्थीकै दुई तिहाइको सरकार हुन्थ्यो । त्यसैले नेपाली काँग्रेस बरू उसैलाई जे जस्तो पद दिएर पनि बामपन्थीलाई पाँच वर्षसम्म फोडेर राख्नुमा बुद्धिमानी थियो। उनीहरूलाई एक ठाउँमा मिल्न देउवाले ठूलो मौका दिएको देखिन्छ। अर्कोतिर ओली त यसैको फिराकमा थिए। निर्वाचनभन्दा अघि ओली बहुमत पाउने कुरामा ढुक्क थिए। बहुमत न पाएर ओलीलाई निकै ठूलो छट्पट्टी देखिन्थ्यो । यस गठबन्धनबाट कम्तीमा सरकारका मात्र होइन संवैधानिक पदका शीर्ष पदहरूमध्ये अधिकांश पद पनि पाउने भए। हुनत ओलीले लिएको आडानबाट तल खस्किन गएका छन् । गठबन्धनको सरकारलाई सधैं जनमतको पार्टीमा अन्य सदस्यको कुरालाई पनि स्थान दिनु राम्रो पक्ष भए पनि त्यसलाई वहाँ स्वीकार गर्न तयार हुनुहुनन् । माधव नेपाल, झलनाथ खनाल, भेटमणि चौधरी, विरोध खतिवडा लगायत नेताहरू अलग हुनुको कारण पनि त्यही थियो।

नवनिर्मित सरकारतिर हेर्दा यस सरकारलाई लम्ब्याउनु त्यति सजिलो छैन। विभिन्न सिद्धान्तका मासिनहरू यसमा सहभागी छन् । रास्वपाका आफ्नै कुरा रहेछ भने राप्रपाको चरम दक्षिण पन्थी विचारलाई कसरी यसमा समावेश गराउने भने सोचका साथ यसमा सामेल हुन चाहन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले गर्न खोजेको कामहरूमा विगतमा कतिपय शीर्षनेताहरू समेत पर्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन। रवि लामिछाने माथि आफ्नै नागरिकताको केस अदालतमा विचाराधिन रहेछ। अहिले आफै गृहमन्त्री छन्।

अर्कोतिर जनमत पार्टीले जनताको बीचमा कबूल गरेका कुराहरू कृषकका लागि मलविउ प्रमुख कुरा छन् । यी कुराहरू पूर्ति गर्नु सामान्य कुरो छैन । त्यस्तै भ्रष्टाचारीलाई नियन्त्रण गर्ने कुरो छ । यसलाई कति नियन्त्रण गर्न सक्छन्, भविष्यले देखाउने हो । काठमाण्डौंको टुँडीखेलमा दिएको भाषणद्वारा जनताको सामुन्ने भ्रष्टाचार बारे दिएको बचनबद्धतालाई कसरी पालन गर्ने हो निकट भविष्यले नै देखाउँने हो । राष्ट्रिय प्रजातन्त्र पार्टीले राजालाई पुनः गद्दीमा फर्काउने कुरालाई राखेर भोट पाएका छन् । राप्रपाले राजालाई फर्काउन सक्छ त ! यदि सकिएन भने यहीबाट उसको पनि सिद्धान्त कमल थापा जस्तै तपसिलमा जाँदैन र ! यता मधेसवादी पार्टीहरू मध्ये जनता समाजवादी पार्टी तराईको मुद्दालाई कति उठाउँछ ? हेर्न बाँकीनै छ । तराईमा जनताको आफ्नै समस्या रहेछन् । हिजो जुन नागरिकता विधेयकलाई ओलीले रोकेका थिए के अब त्यसलाई कार्यान्वयनमा ल्याउन सकिन्छ त ! यदि सकिएन भने भोलि तराईका जनताले त्यस पार्टीलाई कसरी हेर्ने होला विचारणीय प्रश्न छ नि ! यस्ता अनेकौं प्रश्नहरू पार्टीहरूका सामुन्ने उभिएर बसेका छन् । यता स्वतन्त्र सांसदहरूका पनि केही न केही माँग त पक्कै रहेको हुनुपर्छ। यी सबैका माँगहरू यस सरकारलाई पूरा गर्नु कम कठिन छैन।

सबैभन्दा ठूलो पार्टीको हौसियतले नेकपा (एमाले) ले पनि आफ्ना गिरेका साखलाई उठाउन प्रचण्डलाई मोहरा बनाउन बेर लाग्दैन । त्यसर्थ प्रचण्डले पनि एउटा चतुर खेलाडीको भूमिकामा नआई हुँदैन । हुनत अहिलेसम्मको कामलाई हेर्दा प्रचण्ड सफल भएका छन् । विदेशतिरको भूमिका कस्तो हुन्छ त्यसमा पनि सरकारको आयु निर्भर हुन्छ । हाम्रो देश एउटा अल्पविकसित देश रहेको हुनाले हामी विदेशीको सहयोग बिना सरकार हाँक्न त्यति सजिलो छैन । नूनदेखि चूनसम्म छिमेकी कै भरमा रहेका हुनाले उनीहरू पनि केही खेल खेल्न पक्कै आ-आफ्ना सोच बनाएकै होलान् । उनीहरू पनि कमजोर सरकारलाई बढी चलाउन खोज्छन् । यस मामलामा पनि सतर्क नभइ हुँदैन।

अहिले देशको आर्थिक अवस्था पनि त्यति बलियो छैन । देश विदेशको सहयोग हामीलाई चाहिन्छ। यस्ता सहयोग समयमै हामी ल्याउन सकेनौं भने भोली श्रीलंकाभन्दा पनि बतर हालत नेपालको हुनेमा कुनै शंका छैन। अहिले विश्वको अवस्था पनि ठीक छैन । कोरोनाले हैरान पारेका कारण देशहरू आफै कमजोर बन्दै गएका छन् भने रसिया र यूक्रेनको युद्धले भोलि विश्वयुद्धको रूप नलेला भन्न सकिन्न।

निष्कर्षमा जे-जस्तो भए पनि देउवाको अहंकार र ओलीको धुर्त्याइले यो सरकार निर्माण भएको छ । प्रचण्डले यदि चतुर खेलाडीको भूमिका खेल्न सकेनन् भने असफल हुन बेर लाग्दैन। त्यसैले छिमेकी देशहरूमध्ये मूलतः भारत र चीनबीचको समान दुरीमा बसी कसरी दुबैको सहयोग लिन सकिन्छ । त्यसमा सदैव होशियार हुनै पर्ने हुन्छ, होइन भने समस्याले चारै तिरबाट घेर्न बेर लाग्दैन।

अर्कोतिर भारतले हरफेको भूमिलाई कसरी फर्काउने ? विभिन्न राष्ट्रिय योजनाहरूका लागि कसरी सहयोग जुटाउने ? देशभित्र रहेका दलित, पीडित, सुकुम्बासी, मधेसी, थारू, मुस्लिम आदि समुदायका समस्या कसरी सम्बोधन गर्ने ? आफ्नै पार्टीभित्रका जनयुद्धबेलाका लडाकु तथा जनयुद्धबाट पीडित रहेका नागरिकका समस्यालाई कसरी समाधान गर्ने ? यस्ता यावत अनेकौं प्रश्नहरू प्रचण्डका सामुन्ने उभिएर कराइ रहेका छन् । हेर्दै गरौं भोलि यी सबै आन्तरिक तथा बाह्य समस्याहरू समयमै कसरी सम्बोधन हुनेछ। इतिश्री।

*नेपाली काँग्रेसले हातमा आएको अवसरलाई गुमाएको छ । नेपाली काँग्रेसमा दुरदर्शिताको अभाव देखियो । नेपाली काँग्रेसलाई के लागेको थियो भने प्रचण्ड र ओली यति चारै एक ठाउँमा आउन सक्दैनन् । तर देउवा के कुरा बुझ्न सकेनन् भने राजनीतिमा कुनै कसैको शत्रु र मित्र हुँदैन । यसै कुरालाई मनन गरी प्रचण्ड ओली नजिक पुग्न तयार भए र अहिलेको सरकारको प्रधानमन्त्री बन्न अवसर समेत पाएका छन् । राजनीति बृतमा विभिन्न कुराको अडकलबाजी चल्न थालेका छन् । कतिको के भनाइ छ भने प्रचण्डले यति छिटो देउवासँग दूरी बढाउनु हुदैन्थ्यो । अर्का थरिको के भनाइ छ भने अवसर पाए पछि अवसरलाई हातबाट जान्न दिनु हुदैन थियो । यो एउटा दूरगामी सोच हुनसक्छ । जुन नेतामा दूरगामी सोच हुँदैन, उनले समयलाई समात्न सक्दैनन् र हातबाट पाएको अवसर समेत गुम्न बेर लाग्दैन । नेपाली काँग्रेसको के सोच थियो भने प्रचण्डलाई कुनै मेजर पद नदिए पनि गठबन्धनबाट बाहिर जान सक्दैनन् ।*

# कोभिडलाई लिएर चीन र अरू देशबीच फेरि मतभेद

**बीबीसी**



चिनियाँ सरकार आफ्नो देशका यात्रुहरूको आगमनमा प्रतिबन्ध लगाउने थुप्रै देशको निर्णय राजनीतिक रूपमा पूर्वाग्रही रहेको भन्दै आफूले बदला लिनसक्ने चेतावनी दिएको छ। संयुक्त राज्य अमेरिका, भारत र यूकेसहित कैयौं देशले चीनबाट आउने मानिसहरूको हकमा अनिवार्य कोभिड परीक्षण गराउनुपर्ने नियम लागु गरेका छन्।

कोभिडसम्बन्धी प्रतिबन्धात्मक नियमहरू खुकुलो पारेपछि चीनमा कोरोनाभाइरस सङ्क्रमण बढ्दो क्रममा पाइएको छ । सबै सङ्क्रमण र मृत्युका घटनालाई सरकारी तथ्याङ्कले नसमेटेको आशङ्का व्यक्त भइरहेको छ। चीनले पछिल्लो पटक कोभिडबारे डिसेम्बर २४ तारिखमा दैनिक अद्यावधिक विवरण उपलब्ध गराएको थियो जसअनुसार ५,००० भन्दा कम सङ्क्रमित थपिएका थिए।

तर कतिपय विश्लेषकले त्यहाँ अहिले दैनिक २० लाखभन्दा बढी सङ्क्रमण भइरहेको र यो महिना सङ्क्रमणको उत्कर्षमा एक दिनमा करिब ४० लाख थपिन सक्ने बताएका छन्।

सङ्क्रमणसम्बन्धी तथ्याङ्क उपलब्ध नभएपछि र चिनियाँ सरकारले ज्यानुअरी ८ तारिखबाट यात्रालाई खुकुलो बनाउने भएपछि एक दर्जनभन्दा बढी देशले चीनबाट हुने आगमनको हकमा अनिवार्य कोभिड परीक्षणको नियम ल्याएका हुन्। विश्व स्वास्थ्य सङ्गठनले चीनलाई 'रीअल टाइम डेटा' उपलब्ध गराउन आग्रह गरेको छ। चिनियाँ विदेश मन्त्रालयकी एक प्रवक्ताले विश्वसँग गरिनेँ सञ्चारमा सुधार ल्याउन बेइजिङ इच्छुक रहेको बताएकी छन्।

यद्यपि प्रवक्ता माओ निङ्गले ँमहामारी नियन्त्रणका नाममा अन्यथा गर्ने र राजनीतिक उद्देश्यका लागि कदम चाल्ने प्रयासको चीनले विरोध गर्ने अनि जवाफी कदमको सिद्धान्तअनुरूप निर्णय लिने चेतावनी दिइन्। चिनियाँ सिमानाहरू सन् २०२० को मार्च महिनायता लगभग बन्द छन्।

**बेइजिङको मतभेद**

त्यो कारणले थोरै विदेशीहरू तथा एकदम कडा परीक्षण एवं क्वारन्टिनसम्बन्धी नियमबाट गुज्रिनेहरू मात्र चीनमा प्रवेश गर्न पाएका छन् । युरोपेली आयोगका अनुसार युरोपेली सङ्घका बहुमत सदस्य राष्ट्रहरू यात्रामा प्रतिबन्ध लगाउने पक्षमा रहेका छन्।केही मुलुकले भने आफ्नै हिसाबले प्रतिबन्धहरू लगाइसकेका छन्।

तर प्रतिबन्धात्मक नियमहरू सबै सदस्य राष्ट्रमा विस्तार गरिने वा नगरिने विषयमा बुधवार निर्णय आउने अपेक्षा गरिएको छ । अमेरिकाले यात्रुहरूको कोभिड परीक्षणसम्बन्धी नियमको प्रतिरक्षा गर्दै उक्त कदमँ नितान्त र पूर्ण रूपमा विज्ञानमा आधारित रहेको बताएको छ। कोभिडसम्बन्धी विषयलाई लिएर अन्तर्राष्ट्रिय समुदायसँग बेइजिङको मतभेद देखिएको यो पहिलो पटक होइन।

सन् २०२१ को अन्त्यतिर चीनको वुहानमा पहिलो पटक कोरोनाभाइरस सङ्क्रमण फेला पारिएको थियो र चिनियाँ सरकारले त्यसको उद्गमबारे अनुसन्धान गर्ने प्रयासलाई रोकेको थियो।

# वीर अस्पतालले संचालनमा ल्याएको 'स्लिप ल्याब'



डा प्रज्ववल श्रेष्ठ

'स्लिप ल्याब' भन्नाले निद्रा सम्बन्धी बिरामीको लागि गरिने जाँचको ल्याब हो। मानिसहरुलाई विभिन्न प्रकारका निद्रा सम्बन्धी बिरामीहरु हुन्छन्। साधारणतया सबैभन्दा आम रुपमा देखिने घुराईसँग सम्बन्धित समस्या हो। त्यसलाई अंग्रेजीमा (अव्सट्रक्टटिभ स्लिप एप्निया) भनिन्छ।

नेपालीमा यसलाई कडा घुर्ने समस्या भनेर बुझ्न सक्छौं। त्यो स मस्या हुँदा मान्छे सुतेको बेला एकदमै घुर्ने गर्छ। घुर्दा घुर्दा बिचबिचमा सास रोकिनेसम्मको समस्या देखिन्छ। त्यसकारणले त्यस्ता समस्या भएका मानिसहरुलाई राति गहिरो निद्रा नपर्ने, दिउँसो निद्रा लाग्ने, काममा एकाग्रता नहुने, स्मरणशक्ति पनि कम हुँदै गएको जस्तो देखिने हुन्छ। त्यस्ता बिरामीहरुलाई ब्लड प्रेसर, मधुमेह, मोटोपनाको समस्या बढी हुन्छ । सामान्य मानिसको तुलनामा घुराईको समस्या भएकाहरुलाई हृदयघात र मस्तिष्कघातको जोखिम ३ देखि ४ गुणाले बढी देखिएको छ। त्यस्ता मानिसहरुको हृदयघात भएर आकस्मिक मृत्यु हुने, प्यारालाइसीस हुने, स्ट्रोक हुने सम्भावना बढी हुन्छ। तर त्यस्ता बिरामीहरुलाई बेलामै पहिचान गरेर उपचारको बाटोमा लागियो भने त्यस्ता जोखिमबाट उनीहरु बच्न सक्छन्।

त्यो समस्या निदान गर्नको लागि स्लिप ल्याब अर्थात् निद्राको प्रयोगशाला एकदमै जरुरी छ। नेपालमा सरकारी स्तरमा निद्राको प्रयोगशाला सुरु गर्ने वीर अस्पताल पहिलो हो। काठमाडौंका केही नीजि अस्पतालहरुमा यो सुविधा छ तर शुल्क निकै महँगो छ। नीजि अस्पतालमा यसको शुल्क १५ देखि २० हजार छ। भारतमा हेर्ने हो भने पनि यसको शुल्क २५ देखि ३० हजार भारतीय रुपैयाँ छ। यो साँझ ८ बजे सुतेदेखी बिहान ६ बजेसम्म (पुरै रात) गरिने जाँच हो। त्यसकारण पनि यसको शुल्क महँगो छ।

यसमा प्रयोग हुने प्रविधि र यसको रिपोर्ट निकाल्न लाग्ने समयले गर्दा पनी यसको शुल्क महँगो भएको हो। वीर अस्पतालबाट सुलभ ढंगमा, कम मुल्यमा नै यो विशिष्टकृत सेवा संचालनमा आएको छ। यसले गर्दा हाम्रा मेडिकल विद्यार्थीहरु, डीएमका रेजिडेन्टहरुले निद्रा सम्बन्धी ज्ञान पनि पाउने र निद्रा विशेषज्ञको रुपमा यसै अस्पतालबाट उत्पादन पनि हुने अवसर मिल्छ। नेपालमा निद्रा सम्बन्धी कुनै पनि रिसर्चहरु नभएको अवस्थामा स्लिप ल्याबले त्यो अनुसन्धानको पाटोमा पनि काम हुने आशा गरेको छ। त्यसकारण यो महत्वपूर्ण छ।

(छाती रोग विशेषज्ञ डा श्रेष्ठ वीर अस्पतालका उपनिर्देशकसमेत हुन्।) सौजन्य :स्वास्थ्य खबर



**पार्टीमा पुनको स्वागत ।** रोल्पा १ (ख) बाट निर्वाचित स्वतन्त्र सांसद दीपेन्द्रकुमार पुन मगर (माओवादी केन्द्र) मै पुनः फर्किएपछि बालुवाटारमा बुधबार उहाँलाई स्वागत गर्दै प्रधानमन्त्री तथा पार्टीका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड' । *तस्विरःरासस*

# 'सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्छौं'



काठमाण्डु । नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले आफ्नो पार्टी विपक्षमा रहुञ्जेल सशक्त प्रतिपक्षी दलको भूमिका निर्वाह गर्ने बताउनुभएको छ ।

उहाँले कांग्रेसले संसद्मा जनसरोकारका विषय, राष्ट्रियता अखण्डता, जनताका आवश्यकताका विषय, सुशासन, विकास, रोजगारीलगायतका विषयलाई प्राथमिकताका साथ सशक्तरुपमा उठाउने बताउनुभयो ।

गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठनसँगै विपक्षी दल बनेको कांग्रेसका प्रवक्ता डा महतले आज पत्रकार सम्मेलन गरी पार्टीका धारणा सार्वजनिक गर्नुभएको हो । निर्वाचनमा तत्कालीन सत्तागठबन्धनले कांग्रेसको नेतृत्वमा अपेक्षाकृत सफतला नपाए पनि सन्तोषजनक सफलता प्राप्त गरेको उहाँको भनाइ थियो ।

कांग्रेस गठबन्धनमा कही कतै विचलित नभएको र निरन्तरता दिन पूरै कोसिस गरेको बताउँदै उहाँले भन्नुभयो,"हामीले कही कतै पनि वैकल्पिक समर्थन जुटाएर सरकारको नेतृत्व लिनेतर्फ पनि कुनै प्राथमिकता दिएनौँ, त्यो अवस्थामा गठबन्धन टुट्नु र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धन छोडेर जानुमा कांग्रेसको कुनै दोष छैन् । यद्यपि सरकारको नेतृत्व उहाँलाई दिएर गठबन्धन बचाउने विकल्पका बारेमा छलफल गर्ने, सोच्ने र निर्णय गर्ने समय प्राप्त भएन ।'

प्रवक्ता महतले माओवादी केन्द्रका अध्यक्ष दाहालले किन गठबन्धन छोड्नुभयो भन्ने विषय आगामी दिनमा विश्लेषण हुँदै जाने र यसबाट आउने परिणाम तथा असरका बारेमा मिडिया र जनताले पनि मूल्याङ्कन गरेको उल्लेख गर्नुभयो । उहाँले तत्कालीन सत्तागठबन्धनलाई निरन्तरता दिई नयाँ सरकारको तहमा निन्तरता दिने सबै दलले प्रतिबद्धता गरेको र त्यसमा माओवादी केन्द्रका अध्यक्ष दाहाल पछाडि हटी त्यो गठबन्धनको सरकार नबनी वैकल्पिक गठबन्धनको सरकार बनेको बताउनुभयो ।

'यो शुद्ध अवसर केन्द्रित गठबन्धन हो भन्ने हामीलाई लागेको छ, त्यसमा राजतन्त्र चाहिन्छ भन्ने देखि राजतन्त्र कुनै पनि हालतमा हुनु हुँदैन भन्ने सङ्घीयता पक्षधर र विरोधीलगायत सबै प्रकारका विचार भएका पार्टी एक ठाउँमा पदीय चाहनाबाट उन्मुख भएर यो गठबन्धन बनेको देखिन्छ', उहाँले टिप्पणी गर्नुभयो,"यो सरकारको विरोधाभाषपूर्ण अवस्था छ, यसबाट नै यस गठबन्धनको आयु छोटिन सक्ने प्रशस्त सम्भावना रहेको हामीले देखिराखेका छौँ । तथापि कांग्रेस जुन बेलासम्म विपक्षमा रहन्छ त्यसबेलासम्म हामी सशक्त प्रतिपक्षी दलको भूमिका निर्वाह गर्छौं ।'

आगामी दिनमा पार्टीको सङ्गठन सुदृढीकरण, पार्टीमा एकता, विषय नीति र केन्द्रित भएर कांग्रेसले काम गर्ने नेता महतले उल्लेख गर्नुभयो । संसद्को सबैभन्दा ठूलो पार्टी सरकार बन्नबाट बाहिरिनुपर्ने र सानो पार्टी सरकारको नेतृत्वको बागडोरमा रहने परिवेशका बारेमा पनि भविष्यमा समीक्षा हुने उहाँले बताउनुभयो । जनमनतका आधारमा नेतृत्व नहुने परिवेश र जनताको म्याण्डेटका आधारमा राज्य सत्ताको नेतृत्व नहुने अवस्थाले पनि यो विषय आमजनताको छलफल र राष्ट्रिय बहसको विषय बन्ने उहाँको धारणा थियो ।

प्रवक्ता डा महतले अहिलेको परिस्थिति अनायासमै भएर केही निराशा देखिएजस्तो भए पनि यो चुनौतीलाई अवसरमा परिणत गर्ने बताउनुभयो । साथै उहाँले सशक्त पार्टी बनाई आगामी दिनमा एक्लै बहुमतका साथ विजयी हुने लक्ष्यसहित अघि बढ्ने प्रण गर्नुभयो । वर्तमान परिवेशका सन्दर्भमा यही पुस २८ गते बस्ने बैठकमा कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा पनि बृहत् समीक्षा हुने उहाँले जानकारी गराउनुभयो ।

नेता महतले पार्टी सुदृढीकरण अभियानअन्तर्गत पार्टीका विभागले पूर्णता पाउने, कोभिड १९ र विभिन्न तहका निर्वाचनका कारणले अधिवेशन हुन नसकेका र पूर्णता पाउन नसकेका भ्रातृ र शुभेच्छुक संस्थाका अधिवेशन भई पार्टीले गतिशीलता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# प्रधानमन्त्रीद्वारा अर्थमन्त्री र गभर्नरसँग छलफल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीसँग देशको वर्तमान अर्थतन्त्रको अवस्था, बैंकिङ क्षेत्रमा देखिएका समस्या र तत्काल सुधार गर्नुपर्ने विषयमा छलफल गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री दाहालले बैंकिङ क्षेत्रमा पछिल्लो समयमा देखिएका समस्या तथा चुनौतीका विषयमा चासो राख्नुभएको उहाँको निजी सविचालयले जनाएको छ । उहाँले ब्याजदर घटाउन तथा तरलताको समस्याबारे मौद्रिक नीतिमा सुधारका साथै अन्य आवश्यक पहलकदमी गर्न सुझाव दिनुभयो ।

छलफलमा प्रधानमन्त्रीले देशको अर्थतन्त्रमा देखिएको चुनौतीका कारण जनतामा परेको असरलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्न, अनुत्पादक क्षेत्रमा ऋण प्रवाह रोक्न तथा अर्थतन्त्रको अवस्थाबारे जनतालाई सुसूचित र सचेत तुल्याउन आवश्यक रहेको बताउनुभएको थियो ।

निजी क्षेत्रले मुलुकको अर्थतन्त्र अप्ठ्यारो अवस्थामा पुग्न लागेको भन्दै तत्काल सुधारका उपाय अवलम्बन गर्न सरकारसँग माग गर्दै आएका थिए । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स लगायतले प्रधानमन्त्री, अर्थमन्त्रीसँग भेटवार्ता गरी ब्याजदरमा स्थिरता प्रदान गर्न, पूँजीगत खर्च बढाउन अनुरोध गर्दै आएका छन् ।रासस

# प्रधानमन्त्रीसँग राजदूतको भेट

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपालका लागि युरोपेली सङ्घका राजदूत नोना डिप्रेजले आज शिष्टाचार भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको सो भेटवार्तामा उनीहरूबीच आपसी हितका विविध विषयमा विचारविमर्श भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# राहदानी वितरण बन्द भएपछि प्रधानमन्त्री कार्यालयको चासो

काठमाण्डु । 'सिस्टम'मा समस्या आएको भन्दै राहदानी विभागले मङ्गलबारदेखि राहदानी वितरणको काम रोकेको छ । सेवाग्राहीले राहदानी लिन निकै ठूलो सास्ती खेप्नु परेको गुनासो बढिरहेका अवस्थामा विभागले राहदानी वितरण रोक्दा झनै आलोचना भएको छ ।

विभागले अर्को सूचना नभएसम्म राहदानी दिन नसक्ने जनाएपछि त्यसतर्फ सरकारले चासो व्यक्त गरेको छ । आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्रिपुरेश्वरस्थित विभागको प्राविधिक शाखाको निरीक्षण गरेको छ । टोलीले विभागका महानिर्देशक, प्रशासन र सफ्टवेयरको प्राविधिक सपोर्ट गर्ने टोलीसँग अहिले देखिएको समस्याका बारेमा विस्तृत छलफल गरेको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्य किरण शर्माले जानकारी दिनुभयो ।

प्रधानमन्त्री कार्यालयको प्राविधिक टोलीले सम्झौताअनुसार सम्बन्धित कम्पनीले समस्या हल नगरेको र कम्पनीका कारण जनताले सास्ती भोग्नुपरेको निष्कर्ष निकाल्दै तत्काल समस्या हल गर्न निर्देशन दिएको उहाँले बताउनुभयो ।

'यसका लागि कम्पनीको केन्द्रीय कार्यालयबाट नै प्राविधिक झिकाएर तत्काल समस्या समाधान गर्न निर्देशन दिइएको छ', उहाँले भन्नुभयो । प्रधानमन्त्री कार्यालयले सेवाग्राहीले लामो समय लाइनमा नबसी राहदानी पाउने व्यवस्थाका लागि आवश्यक संरचनात्मक तथा नीतिगत सुधार वा परिमार्जनका लागि तत्काल कार्ययोजना बनाउनसमेत निर्देशन दिएको छ ।

विभागले मङ्गलबार एक सूचना जारी गर्दै सिस्टममा समस्या आउँदा आवेदनको अवस्था हेर्ने र वितरण गर्ने कार्य अवरुद्ध भएको जनाएको थियो । सिस्टममा खराबी आएसँगै राहदानीसम्बन्धी सेवा प्रवाह रोकिएको छ ।

विभागले अर्को सूचना जारी नहुँदासम्म राहदानी लिन नआउन सर्वसाधारणलाई भनेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मङ्गलबार सेवाग्राहीको चाप भएका कार्यालयमा एक महिनाभित्र सहजरुपमा सेवा लिने अवस्था बनाउन मन्त्रालयका सचिवहरूलाई निर्देशन दिनुभएको थियो ।रासस

# नयाँ भवनको प्रधानमन्त्री दाहालद्वारा अवलोकन

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सिंहदरबारस्थितप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको



नयाँ भवनमा रहेको विभिन्न संरचनाको बुधबार अवलोकन गर्नुभएको छ ।

प्रधानमन्त्रीले उक्त भवनमा रहेका एक्सन रुम, स्टुडियो, भवनको पाँचौँ तलामा निर्माणाधीन हल, अन्य कार्यकक्षलगायत संरचनाको निरीक्षण तथा अवलोकन गर्नुभएको थियो । उहाँले भवनबाट सिंहदरबास्थित अन्य भवन तथा संरचनाकोसमेत अवलोकन गर्नुभएको थियो ।

सो क्रममा प्रधानमन्त्रीले मुख्य प्रशासनिक केन्द्र सिंहदरबारमा आम जनताको सहज पहुँच दिलाउनुपर्ने बताउनुभएको थियो ।

मुख्य सचिव शङ्करदास वैरागीले प्रधानमन्त्रीलाई सिंहदरबारमा निर्माणाधीन संसद् भवन, जीर्ण अवस्थामा रहेको पुरानो संसद् भवन, मन्त्रालयका अन्य निर्माणाधीन संरचना तथा परिरकल्पना गरिएका संरचनाका बारेमा विस्तृतमा जानकारी गराउनुभएको थियो ।रासस

# कांग्रेस केन्द्रीय परिचालन समिति बैठकमा विभिन्न प्रतिवेदन पेश

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय परिचालन समितिको बैठकमा विभिन्न उपसमितिका संयोजकले आ-आफ्नो उपसमितिको प्रतिवेदन पेश गर्नुभएको छ । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पार्टीको तयारीका लागि कांग्रेसले नेता गोपालमान श्रेष्ठको संयोजकत्वमा उक्त समिति गठन गरेको थियो ।

केन्द्रीय परिचालन समितिका संयोजक श्रेष्ठको संयोजकत्वमा बुधबार बसेको बैठकमा विभिन्न उपसमितिका संयोजकले आ-आफ्नो समितिको प्रतिवेदन पेस गर्नुभएको हो । उक्त प्रतिवेदनहरूलाई आगामी बस्ने केन्द्रीय कार्यसमितिमा समितिका प्रस्तुत गरिने पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

बैठकमा केन्द्रीय सदस्य जीपछिरिङ्ग लामा, आनन्दप्रसाद ढुङ्गाना, मीन विश्वकर्मा, गोविन्द भट्टराई, सरिता प्रसाईं, रमा कोइराला पौडेल, चन्द्रबहादुर केसी, मञ्जु खाँण, हरिशरण नेपाली, जानकी सिंह, कान्तिका सैंजुवाल, पूर्वकेन्द्रीय सदस्य किरण गिरी र अनुगमन तथा सुपरिवेक्षण उपसमितिका सहसंयोजक डा कृष्णप्रसाद पौडेलले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।रासस

# सुधारको पहल नगरे अर्थतन्त्र सङ्कटमा फस्छ : उपसभापति गुरुङ

सुरुङ्गा । नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले सुधार नलागे देश गम्भीर आर्थिक सङ्कटमा फस्ने बताउनुभएको छ ।

झापाको कनकाई नगरपालिकास्थित तुर्सा हेमरम स्मृति प्रतिष्ठानको २६ औँ स्मृति दिवसको उद्घाटन गर्नुहुँदै उहाँले नेतृत्वले अर्थतन्त्र सुधारका कार्यक्रम ल्याउन नसक्दा देश दिनानुदिन आर्थिक सङ्कटतर्फ धकेलिएको बताउनुभयो । नेता गुरुङले जनता र देशका लागि काम गर्ने नेताको अभावमा मुलुकले अनेकौँ समस्या झेलिरहेको बताउनुभयो ।

एक फरक प्रसङ्गमा उपसभापति गुरुङले सत्ता प्राप्तिको खेलले जनतामा राजनीतिप्रति वितृष्णा बढ्दै गएको तर्क गर्नुभयो । ठूलो शक्तिलाई पाखा लगाएर बनाइएको यो सरकार धेरै दिन नटिक्ने उहाँको टिप्पणी थियो ।

उहाँले मुलुकको मियो नै कांग्रेस भएको बताउँदै कांग्रेसबिनाको सरकार कल्पनासमेत गर्न नसकिने धारणा राख्नुभयो ।रासस


## Hanspur Municipality
### Office of the Municipal Executive
**Baghachauda, Dhanusha**
**Madhesh Pradesh**

## Invitation for Bid

**First Date of publication: 5th Jan 2023 A.D. (2079/09/21)**

Hanspur Municipality, Office of the Municipal Executive, Dhanusha invites electronics bids from eligible bidders for the following procurement of works under National Competitive Bidding-Single Stage: Single Envelope Bidding Procedures.Bidding is open to all eligible Nepalese Bidders.

| S. N. | Contract Name & ID No. | Total Cost (With VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date of Bid Purchase | Last Date of Bids Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | हंसपुर नगरपालिका वडा नं.-४ को नर हिया देखि मनिपट्टी, ननुपट्टी, मझौरा हुदै बघचौरा सम्म सडक ढलान/कालोपत्रे (HM/NCB/Works/02-079-80) | 58,49,107.71 | Nrs.3000 | 3rd Feb 2023, during office hrs. | 5th Feb 2023, (Within 12:00 hrs) | 5th Feb 2023,Within 13:00 hrs | 90 days | 1500,00.00 | 5th June 2023 |
| 2 | यादब मा.बि. हुदै भररिया धनुषाधाम सडक खण्ड सम्म र भररिया धनुषाधाम सडक देखि कुम्हार टोलको ढलान सम्म कालोपत्रे सडक निर्माण (HM/NCB/Works/03-079-80) | 12,499,047.76 | Nrs.3000 | 3rd Feb 2023, during office hrs. | 5th Feb 2023, (Within 12:00 hrs) | 5th Feb 2023,Within 13:00 hrs | 90 days | 315,000.00 | 5th June 2023 |

Eligible Bidders may obtain further information from the Hanspur Municipality,office of the Municipal Executive or Visit https://www.bolpatra.gov.np/egpor https://www.hansapurmun.gov.np.

**Chief Adminstrative Officer**

# इन्धन अभाव र चर्को मूल्यवृद्धिले नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा बितेको सन् २०२२

काठमाण्डु । लगातार उकालो लागेको पेट्रोलियम पदार्थको मूल्य, कोरोना महामारीले विश्व आपूर्ति शृङ्खलामा जटिलता थपेका बेला नयाँ वर्षको पहिलो महिना सकिनासाथ सुरु भएको युक्रेन युद्धबाट युरोपमा मात्र नभई विश्वव्यवस्था नै अनिश्चयतर्फ धकेलिएका बेला विगतका विषम ऊर्जा सङ्कटलाई सम्झँदै त्यसबाट पार पाउन सन् २०२२ मा नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा अध्ययन अनुसन्धानका प्रयासहरू भएका छन् ।



दक्षिण एशियाली क्षेत्र अथाह जलस्रोतको भण्डार भएकाले स्वच्छ ऊर्जा उत्पादन र विकासमा यस भेगका राष्ट्रले केही उल्लेखनीय काम गरेका छन् । अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव भएपछि चीन र भारतलगायत देश पनि ऊर्जा सङ्कटको चपेटामा पर्‍यो । दुई करोड २० लाख जनसङ्ख्या भएको श्रीलङ्का सात दशकयताकै सबैभन्दा खराब ऊर्जा सङ्कटसँग झैल्दे टाटपल्टियो ।

वर्षैभरि भारतमा बिजुलीको उच्च माग रह्यो । भारतले देशको उत्तरी भागमा तीव्र गर्मीको लहर चलेकाका बेला बिजुलीको माग बढेको, अर्थतन्त्र विस्तार भएको र लाखौं घर विद्युतीकरणमा परेपछि ऊर्जामन्त्री आरके सिंहले नवीकरणीय ऊर्जाको विकासमा सन् २०२२ मा जोड दिएकाले त्यो सम्भव भएको सार्वजनिकरूपमा बताउनुभयो । देशमा नवीकरणीय ऊजाको कूल क्षमता ३० गिगावाट पुगेकोतर्फ लक्ष्य गर्दै उहाँले त्यसो भन्नुभएको हो ।

मोदी सरकारले आठ वर्षको अवधिमा उत्पादन क्षमतामा ठूलो वृद्धि, देशलाई एउटै प्रसारण ग्रिडमा समाहित गर्ने र वितरण प्रणालीको सुदृढीकरणले २३ देखि २३ दशमलव पाँच घन्टा विद्युत् आपूर्ति सुनिश्चित भएको दाबी गर्‍यो ।

केन्द्रीय राजधानी नयाँदिल्लीमा गत अक्टोबरदेखि विद्युत् अनुदान माग गर्नेलाई मात्रै उपलब्ध गराउने गरी सरकारले नयाँ नीति लागू गर्‍यो । 'अनुदान उपलब्ध गराउनु पर्दैन, म बिजुलीको बिल तिर्न सक्छु' भन्ने नागरिकलाई सरकारले अनुदान नदिने नीति अख्तियार गर्‍यो । राष्ट्रिय राजधानीका उपभोक्ताले २०० युनिटसम्म बिजुलीको 'शून्य' र प्रतिमहिना २०१ देखि ४०० युनिट विद्युत् खपत गर्दा ८०० भारु बराबरको छुट पाउने गरेका थिए ।

नयाँदिल्लीमा दुई महिनाभन्दा बढी समय बिजुली कटौती भयो । इण्डियन प्रिमियर लिग (आइपीएल) भइरहेका बेला उद्योगको बिजुली काटेर घरघरमा आपूर्ति गरियो तर ३२२ जिल्लाका २१ हजारभन्दा बढी नागरिकमाझ गरिएको सर्वेक्षणमा हरेक तीनमध्ये दुई घरले विद्युत् कटौतीको सामना गरेका देखायो । विश्वको तेस्रो ठूलो कोइला भण्डार भएको देशमा कोइला अभावले उत्पन्न ऊर्जा समस्या समाधान गर्न भारत सरकारले नवीकरणीय ऊर्जातर्फ गम्भीर भएर लाग्ने योजना अघि बढायो ।

संसारभर नै कोइलाका आधारित ऊर्जा उत्पादन प्लान्टहरु संकटमा परेपछि विभिन्न विकल्पको खोजी शुरु भयो । इण्डोनेसिया र अष्ट्रेलियाका आपूर्तिकर्तालाई भ्याइनभ्याइ भयो-मागअनुसार आपूर्ति गर्न यस्तो अवस्थामा वैकल्पिक र नवीकरणीय ऊर्जाको विकास प्रक्रियाले गति लिएको भए पनि त्यसले मागअनुसार अविच्छिन्न आपूर्ति गर्न सक्ने अवस्था छैन । सौर्य ऊर्जा केन्द्रहरूले दिउँसो मात्रै बिजुली दिने भएकाले रातको आवश्यकता पूर्ति हुन सकेको छैन । वायु ऊर्जा पनि हरपल उत्पादन हुने सुनिश्चिता छैन तर स्वच्छ ऊर्जा उत्पादन सरकारी प्राथमिकतामा रह्यो ।

तयारी पोशाकलगायत वस्तुको निर्यातका कारण आर्थिक उन्नयनका दिशामा लागेको दक्षिण एशियाको 'राइजिङ टाइगर' बङ्गगलादेशमा पनि ऊर्जाको चरम सङ्कट व्यवस्थापन गर्न बेलुका ८ बजेपछि बजार बन्द गर्नुपर्ने कडा र बाध्यकारी नियम सार्वजनिक भयो । यो नियम देशैभरी लागू भयो । पेट्रोलियम पदार्थको मूल्य वृद्धि विश्वव्यापी समस्या बनेकाले मितव्ययी बन्दा व्यापार घाटा पनि केही कम भयो ।

बाढीपहिरोबाट पीडित पाकिस्तानमा आर्थिक सङ्कटसँगै पानीको ठूलो समस्या हुँदा कृषि क्षेत्रका साथै निर्यातजन्य उद्योग नराम्ररी प्रभावित भएभने ऊर्जा प्रणालीसमेतमा समस्या भयो । देशको कुल गार्हस्थ्य उत्पादनमा २३ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा अन्योल छायो । बाँधमा पानीको सतह शून्यतर्फ झरेकाले राष्ट्रिय सुरक्षा जोखिममा परेका समाचार सार्वजनिक भए । जलस्रोतको संरक्षणका लागि साना बाँध बनाएर पानीको अभाव सम्बोधन गर्न ध्यान नदिँदा राष्ट्रियस्तरमा खानेपानी व्यवस्थापन चुनौतीपूर्ण बन्यो । सन् १९९१ यताकै सबैभन्दा धेरै पानी कटौतीको भएको वर्ष बन्यो सन् २०२२ ।

दक्षिण एसियाका धेरै देश अहिले ऊर्जा उत्पादनका लागि ग्यासमा अत्यधिकरुपमा निर्भर छन् । ऊर्जा उत्पादनमा बङ्गलादेशमा ६० प्रतिशतभन्दा बढी र पाकिस्तानमा झण्डै आधाभन्दा बढी अंश ग्यासले ओगटेको छ । यस्तो अवस्थामा भारत र बङ्गलादेशमा योजनाबद्धरुपमा ग्यास पूर्वाधारमा क्रमशः करिब २९.५ अर्ब अमेरिकी डलर र १६.५ अर्ब अमेरिकी डलर लगानी हुने अनुमान गरिएको छ । पाकिस्तानमा २.५ अर्ब अमेरिकी डलर लगानीको ग्यास पाइपलाइन निर्माणकार्य अर्को वर्षदेखि सुरु हुने अनुमान गरिएको छ ।

एक अध्ययनअनुसार जुन गतिमा ऊर्जा उत्पादन भइरहेको छ, त्यसले हरेक वर्ष कार्बन उत्सर्जन १४ प्रतिशतले बढाइरहेको छ । त्यसले यो शताब्दीमा १.५ डिग्री सेल्सियस तापक्रम कायम गर्ने लक्ष्य भेटाउँदैन । खनिज इन्धनले विश्वको बिजुली र हरितगृह ग्यास उत्सर्जनको दुई तिहाइ हिस्सा ओगटेको छ । तर सन् २०१८ मा खनिज इन्धनबाट हुने वायु प्रदूषणले ८० लाखको ज्यान लिएको हामीले बिर्सेका छैनौं । जैविक इन्धनमा भर नपर्ने गरी बिजुली उत्पादन गर्नेतर्फ लाग्नुपर्नेमा सहमति भएकले अब आणविक वा नवीकरणीय ऊर्जा उत्पादनतिर लाग्नुको विकल्प छैन । ऊर्जाको लागि कोइला, ग्यास र तेलमाथिको निर्भरताबाट मुक्त हुन सबैभन्दा व्यावहारिक कदम आणविक र नवीकरणीय ऊर्जा उत्पादन बढाउनु हो ।

जलवायु परिवर्तनले निम्त्याएको सङ्कटको बीचमा खनिज इन्धनको प्रयोग झन्झटिलो हुँदै गयो । पृथ्वी क्रमशःतात्दै गएको छ । विश्वले कार्बन उत्सर्जन घटाउने लक्ष्य हासिल गर्न सकेको छैन भने अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता पनि कार्यान्वयन नभई वर्ष २०२२ विश्वबाट बिदा भएको छ ।रासस

# लुम्बिनी अल स्टार विजयी



काठमाण्डु । पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिग क्रिकेटमा लुम्बिनी अल स्टारले काठमाडौं नाईट्सलाई पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको खेलमा लुम्बिनीले काठमाण्डुलाई एक सय दुई रनले पराजित गरेको हो । सत्र ओभरमा छोट्याइएको खेलमा लुम्बिनीले दिएको एक सय ८४ रनको लक्ष्य पछ्याएको काठमाडौं १५ दशमलब ४ ओभरमा सबै विकेट गुमाएर मात्र ८१ रनमा समेटियो ।

काठमाण्डुका लागि बसिर अहमदले २२ तथा कमलसिंह ऐरीले १६ रन बनाए । त्यस्तै कप्तान ज्ञानेन्द्र मल्ल र लोकेश बमले समान १५/१५ रनको योगदान दिए । बलिङतर्फ लुम्बिनीका लागि ह्यारी टेक्टर, कुशल भुर्तेल र इशान पाण्डेले समान दुई/दुई विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले १७ ओभरमा ६ विकेट गुमाएर एक सय ८३ रन बनायो । लुम्बिनीका लागि हरमित सिंहले ७० रनको योगदान दिए । यस्तै लाहिरू मिलान्थाले २६, गुलसन झाले २१, ह्यारी टेक्टरले १७, अनिल शाहले १६ तथा कुशल भुर्तेल १५ रन बनाए । बलिङतर्फ काठमाडौंका लागि अभिनाश बोहोराले तीन तथा बसिर अहमदले दुई विकेट लिए ।

जितसँगै लुम्बिनीले हालसम्म खेलेको नौ खेलमध्ये आठमा जित र एकमा हारका साथ १६ अङ्कसहित शीर्ष स्थानमा छ । हारसँगै काठमाडौंले आठ खेलमध्ये चारमा जित र चारमा हारका साथ आठ अङ्क जोडेको छ। काठमाण्डु अङ्क तालिकाको तेस्रो स्थानमा छ ।रासस

# बैतडीको लगातार दोस्रो जित



बैतडी । प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोटअन्तर्गत बैतडीले लगातार दोस्रो जित दर्ता गरेको छ । सो क्रममा बुधबार बैतडीले डोटीलाई ७७ रनले हरायो । यसअघि मङ्गलबार बैतडीले अछामलाई ९० रनले पराजित गरेको थियो ।

बैतडीले दिएको एक सय ४२ रनको लक्ष्य पन्छाएको डोटी १९ दशमलव एक ओभरमा ६४ रनमा अलआउट भयो । डोटीका लागि हिसिला खड्काले १६ र दिवेश्वरी ठकुल्लाले १० रन बनाउनुबाहेक अन्यले दोहोरो अङ्कको रन बनाउन सकेनन् । बैतडीकी करिश्मा थापाले तीन र कप्तान रितु कनौजियाले दुई विकेट हात पारे ।

त्यसअघि फाप्ला मैदानमा पहिला ब्याटिङ गरेको बैतडीले १९ दशमलव दुई ओभरमा एक सय ४१ रनमा समेटिएको थियो । जसमा कप्तान रितु कनौजियाले २४ र सङ्गीता मौनीले अविजित १८ रन बनाइन् । डोटीकी दिवेश्वरी ठकुल्लाले चार र हिसिला खड्काले दुई विकेट हात पारिन् ।

प्रतियोगितामा सहभागी सात टोलीमध्ये शीर्ष दुईमा पुग्ने टोलीबीच पुस २३ गते फाइनल भिडन्त हुने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव तेजप्रकाश भट्टले जानकारी दिनुभयो । प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट सुदूरपश्चिम प्रदेशको टोली बनाइनेछ । उक्त टोलीले प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनेछ । नेपाल क्रिकेट सङ्घको आयोजनामा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता पुस २९ गतेदेखि इटहरीमा हुँदैछ ।रासस

# सन् २०२३ मा युक्रेन युरोपियन युनियन र नेटोमा सहभागी हुने



**सिन्ह्वा**

किभ । युक्रेनका प्रधानमन्त्री डेनिस सामियलले सन् २०२३ मा युक्रेनले गर्ने कामहरुको प्राथमिकता तोक्नुभएको छ । उहाँले युक्रेनले आगमी वर्षमा गर्ने कामहरुका १० ओटा प्राथमिकता तोक्नुभएको समाचारमा जनाइएको छ ।

ती प्राथमिकतामध्ये प्रधानमन्त्री सामियलले युक्रेन युरोपियन युनियनमा सहभागी हुने देखि लिएर नेटोको सदस्यता लिनेसम्म रहेको बताइएको छ । उहाँले आगामी वर्ष युक्रेनको विजयको वर्ष हुने पनि सो प्राथमिकतमा जनाउनुभएको छ ।

उहाँले भन्नुभएको छ- आगामी वर्ष युक्रेनेको विजयको वर्ष हुनेछ, हामीले जित्नेछौँ सन् २०२२ को विध्वंसपछिको पुनर्निमार्णका लागि हामी लाग्नेछौँ । उहाँले रुसले गरेको आक्रमणबाट भएको क्षतिको निर्माण यसै वर्ष गरिने पनि जानकारी दिनुभएको छ । उहाँले सबैभन्दा पहिलो प्राथमिकता यहाँको सुरक्षा व्यवस्थालाई मजबुद बनाउने रहेको भन्दै यसका लागि देशको सेनालाई सहयोग गर्ने पनि रहेको बताउनुभएको छ । उहाँले उर्जा, देशको आर्थिक क्षेत्रको विकास र विस्तार तथा युद्धमा युक्रेनका तर्फबाट लडेका योद्धाहरुलाई सम्मान गर्ने काम पनि यसै वर्षको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

उहाँले सार्वजनिक प्रशासनमा सुधार, शिक्षाको विकास र विस्तार देशका उर्जाको विकास र विस्तार लगायतका कार्यक्रमहरु यस वर्षमा गरिने कार्यक्रम पनि रहेको उहाँले बताउनुभएको हो ।

युक्रेनमा गत फेब्रुअरी महिनादेखि रुसले निरन्तर रुपमा हमला गरिरहेको छ । हतियारका माध्यमबाटै गरेको आक्रमणले युक्रेनको राजधानी किभ लगायतका कैयौं सहरका संरचनामा क्षति पुगेको छ ।

# सात हजार बन्दीलाई आममाफीको घोषणा

**एएफपी**

नेपिट । म्यान्माको सैनिक सरकारले बुधबार स्वतन्त्रता दिवस मनाउन सात हजार १२ जना बन्दीलाई आममाफी दिने घोषणा गरेको छ । प्रजातान्त्रीक नेत्री आङ सान सुचीको जेल सजायलाई ३३ वर्षमा पुऱ्याएको केही दिनपछि यस्तो घोषणा भएको हो ।

सेनाले सत्ता कब्जा गरेको करिब दुई वर्षपछि दक्षिणपूर्वी एसियाली यो देशमा सरकारी सेना र विद्रोहीबीच द्वन्द्व जारी छ । बन्द अदालतबाट चलेको न्याय निरुपणको शृङ्खलासँगै सैनिक सरकारले यो वर्षको अन्त्यमा नयाँ चुनावको तयारी गरिरहेको छ । बेलायतबाट स्वतन्त्र भएको ७५ वर्ष पुगेको अवसरमा 'ट्याङ्क, मिसाइल लन्चर र सशस्त्र वाहन राजधानी नेपिटको 'परेड ग्राउन्ड' प्रदर्शन गरिएको थियो । परेडमा निजामती कर्मचारी र माध्यमिक विद्यालयका विद्यार्थीले सेनालाई साथ दिएका थिए ।

# अष्ट्रेलियाको मेनिन्डीमा व्यापक बाढी

**सिन्ह्वा**

सिड्नी । अस्ट्रेलियाको न्यू साउथ वेल्स राज्यको सानो सहर मेनिन्डीमा व्यापक बर्षापछि आएको बाढीका कारण यहाँको जनजीवन प्रभावित बनेको छ ।

शहरमा बाढी आउने क्रम जारी रहँदा राज्यको आपतकालीन सेवा प्रबाह गर्ने निकायले करिब ५०० मानिस बसोबास गर्ने सानो सहर मेनिन्डीबाट अहिले दैनिक ७५ हजार मेगालिटर बाढीको पानी नदीमा पम्प गरेर फ्याँकिराखिएको जनाएको छ ।

उक्त निकायले एक विज्ञप्ति जारी गर्दै भनेको छ,'यो ३० हजार ओलिम्पिक पुल बराबर हो र यसको पानीले छ दिनमा सिड्नी हार्बर भरिन सक्छ ।'

सहरको नजिकै रहेको डार्लिङ्ग नदीको उचाइ १०.२० मिटरको नजिक स्थिर छ, स्थानीइ मौसम विभाग कार्यालयले भनेको छ ।

बिहीबारबाट डार्लिङ् नदीको सतह करिब १०.७० मिटरसम्म बढ्ने सम्भावना देखिएको छ र यसले सन् १९७६ को १०.४७ मिटरको यहाँको बाढीको रेकर्डलाई पार गर्नेछ ।

'मेनिन्डीको अवस्थालाई मौसम विभागले नजिकबाट नियालिरहेको छ, जसले जनवरीको मध्यसम्म नदीको सतह प्रमुख (९.७० मिटर) भन्दा माथि रहने सम्भावना रहेको बताएको छ,' न्यू साउथ वेल्स राज्यको आपतकालीन सेवाका सहायक आयुक्त डीन स्टोरीले भन्नुभयो ।

मेनिन्डी समुदायका १० वटा भवन खाली गरिएको छ भने अन्य २० जना घरपरिवार पनि सुरक्षित स्थानमा आश्रय लिएका छन् ।

विभागले डार्लिंग नदीका लागि मध्यमदेखि ठूलो बाढीको चेतावनी जारी गर्दै जनवरीको मध्यसम्म मेनिन्डीमा नदीको सतह ठूलो बाढीको तह (९.७० मिटर) भन्दा माथि रहने सम्भावना रहेको उल्लेख गरेको छ । मेनिन्डीको तालमा यो साता पानीको बहाव अझै बढ्न सक्ने विभागले जनाएको छ ।

# पेलेलाई प्रसिद्धि प्राप्त गरेकै शहरमा समाधिस्थ गरियो

**एपी**

ब्राजिल । फुटबलका विश्वसम्राट पेलेलाई उनले प्रसिद्ध प्राप्त गरेको शहरको कब्रिस्तानमा समाधिस्थ गरिएको छ । नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले भिला बेलमिरोमा महान् खेलाडीप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो । साङ्गीतिक टोलीको शोक धुनसँगै, शोक गीत र रोमन 'क्याथोलिक' भजन गाउँदै, बजाउँदै गरिएको शवयात्रामा हजौरौं सहभागी भएका थिए । सुनले बेरिएको 'कास्केट' आइपुग्नु अघि कब्रिस्तानमा उपस्थित अपार जनसागरले पेलेलाई मनपर्ने साम्बा गीत गाएर उनीप्रति सम्मान व्यक्त गरेका थिए ।

पेलेको ८२ वर्षको उमेरमा गत हप्ता मृत्यु भएको हो । उनको शव सान्टोसमा राखिएको थियो जहाँ उनले १५ वर्षको उमेरमा खेल जीवन प्रारम्भ गरेर प्रसिद्धि प्राप्त गरेका थिए ।


## हार्दिक समवेदना



जन्म : २०४७/०७/२३

स्वर्गारोहण : २०७९/०९/१५

यस जगदम्वा मोटर्स प्रा. लि. का गोदारको डिलर एस.एस अटो सेन्टरका संचालक स्व. श्री पवन कुमार जैसवाल ज्युको स्वर्गारोहण भएको हुनाले दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारणा गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हर्दिक समवेदना व्यक्त गर्दछौ ।

जगदम्वा मोटर्स प्रा. लि.
नक्साल, काठमाण्डौ


# श्रीलङ्कामा फेब्रुअरीमा निर्वाचन हुने

**एएफपी**

कोलम्बो । व्यापक विरोधप्रदर्शनका बीच श्रीलङ्काका राष्ट्रपति भागेर राजीनामा दिएपछि सङ्कटग्रस्त श्रीलङ्काले राष्ट्र्व्यापी निर्वाचनको घोषणा बुधबार गरेको छ । महामारीका कारण एक वर्ष ढिला भएको स्थानीय तहको निर्वाचन आगामी फेब्रुअरीको अन्त्यसम्ममा हुने अधिकारीहरूले बताएका छन् ।

सन् २०२१ को अन्त्यदेखि खाद्यान्न, इन्धन र बिजुलीको चरम अभावका कारण राजपाक्षको प्रशासनविरुद्ध व्यापक आन्दोलन भएको थियो जसले अप्रिलमा देशको ४६ अर्ब अमेरिकी डलरको बाह्य ऋण तिर्न असमर्थ बनेको थियो । छ पटक प्रधानमन्त्री बनेका ७३ वर्षीय विक्रमासिङ्घेले राजापाक्षेको एसएलपीपी पार्टीको समर्थनमा राजपाक्षको स्थानमा संसदीय मत प्राप्त गरे पनि उहाँसँग लोकप्रिय जनादेश भने छैन ।

विक्रमासिङ्घेले आफ्नो पूर्ववर्तीले गरेको कर कटौतीको घोषणालाई उल्ट्याउनुभएको छ । मुद्रास्फीति लगभग ७० प्रतिशतको रेकर्डमा पुगेको अवस्थामा छ । सन् २०१८ को स्थानीय चुनावमा उहाँको युनाइटेड नेसनल पार्टीले ३४० सदस्यको परिषद्मध्ये १० प्रतिशत मात्र जित निकालेको थियो भने एसएलपीपीलाई २३१ मत आएको थियो ।

उनले दिवालिया देशले आफूले खर्च गर्ने १० अर्ब रुपैयाँ (२करोड ७६ लाख अमेरिकी डलर) खर्च गर्न नसक्ने भन्दै चुनाव रोक्ने प्रयास गरेका छन् तर स्वतन्त्र निर्वाचन आयोग जसरी भए पनि अघि बढ्यो । बुधबार निर्वाचन आयोगले एक संक्षिप्त वक्तव्य जारी गर्दै जनवरी १८ देखि २१ सम्म आठ हजारभन्दा बढी काउन्सिलर पदका लागि मनोनयन पत्र खुला रहने र त्यसपछि २८ दिनभित्र मतदान गरिसक्नुपर्ने जनाएको छ ।

# 'वैदेशिक रोजगार बाध्यता कि विकल्प !'

काठमाण्डु । पाँच वर्ष कतार बसेर अब विदेश नजाने सोच बनाई स्वदेश फर्किएका पाल्पा मैनादीका चुण्डप्रसाद नेपाल रोजगारीका लागि फेरि भारत जान लाग्नुभएको छ। दुई छोरीका बाबु भइसकेका नेपालले गाउँमै बसेर केही व्यवसाय थाल्नु पनि भएको थियो तर त्यसबाट सफलता नमिलेपछि कामको खोजीमा भारततर्फ जान लाग्नुभएको हो । नेपालमै बसेर केही गरौँ न भनेर सुन्तला खेती, कुखुरापालन व्यवसाय सुरु गर्नुभएको थियो। व्यवसाय खासै उकास्न सकिन। उहाँ भन्नुहुन्छ, ''झन् ऋण बढ्दै गयो, व्यवहार बिग्रियो । अन्त्यमा परदेश नगइ सुखै पाइन । उहाँको अङ्समा थोरै जमिन परेको छ । त्यसको आयस्ताले खान पुग्दैन ।''

आफूसँग खास कुनै सीप नहुँदा केही गर्ने आँट नआएपछि विदेश नै जानु उपयुक्त ठानेको उहाँ भन्नुहुन्छ, ''साना लालाबाला छोडेर पर्देशिने मन त कसलाई हुन्छ र ! छोरीहरू पढाउनु पऱ्यो । घर चलाउनु पऱ्यो । महँगी धेरै छ ।" त्यस्तै व्यथा छ गुल्मी भड्कुवाकी शान्ता ज्ञवालीको पनि । उहाँ पनि दोहोऱ्याएर कतार जान लाग्नुभएको हो । सानोतिनो कामले घरखर्च चलाउन मुस्किल भएपछि उहाँका लागि पनि वैदेशिक रोजगार नै विकल्प बन्यो । ''श्रीमान् बित्नुभयो, एउटा छोरा छ, उसको लालनपालन शिक्षा दीक्षाको जिम्मेवारी म माथि छ। आफूले पढेकी छैन, न कुनै सीप छ हातमा । बाध्य भएर विदेश नगएर के गर्नु ?'' सामाजिक परिवेशले पनि आफूलाई विदेशिन बाध्य बनाएको बताउँदै उहाँ भन्नुहुन्छ, ''श्रीमान् बितेपछि परिवारको पनि हेला भइँदो रहेछ। परिवारको हेला सहनुभन्दा विदेश गएर केही कमाउनु नै उत्तम विकल्प ठाने ।''

सानो छोरालाई आफन्तकोमा छाडेर विदेश जानु पर्दा निकै असजिलो अनुभव भए पनि उहाँले आफ्नो आर्थिक कारोबार व्यवस्था भने सुधार गर्न सकेकामा उहाँ खुसी हुनुहुन्छ । तर सानो छोराको साथमै रहेर बस्न नपाउँदा भने उहाँलाई पीडा हुने गर्दछ । उहाँ भन्नुहुन्छ, "पैसा मात्र सबैथोक होइन, आमासँग खेल्दै हुर्कने समयमा छोडेर हिँड्नु पऱ्यो । नेपालमा नै राम्रो सीप र दक्षता अनुसारको रोजगारीको व्यवस्था र हरेक कामको सम्मान भइदिएको भए बुबा गुमाएको कलिलो बच्चा छोडेर म विदेशिनुपर्ने थिएन ।"

सैनामैना-९ का हिमाल भट्टराईको पनि पीडा उस्तै छ। नेपालमा रोजगारी कम छ। कामको सम्मान छैन । उब्जाएको खेतीको राम्रो बजार व्यवस्थापन छैन। परिवारको खुसीको लागि, परिवारका रहर पूरा गर्न र आफ्ना सपना पूरा गर्न परदेशिएको बताउनुहुन्छ उहाँ। उहाँकै शब्दमा विदेशको काम सजिलो पक्कै पनि छैन। सम्पूर्ण आफ्नो परिवार त्यागेर जानु पर्दा दुःख बिमारमा पर्दा हेरविचार गर्ने कोही हुँदैन । काम नगरे खान पुग्दैन । आमा बित्दासमेत समयमै घर फर्किन नपाउनु भएका उहाँ भन्नुहुन्छ, ''वैदेशिक रोजगारी मेरो लागि रहर नभएर बाध्यता हो। नेपालमा नै रोजगारीको राम्रो व्यवस्था भए पक्कै पनि परिवार र साना बालबच्चा छोडेर विदेश जाँदैनथिएँ होला ।''

चुण्डप्रसाद, शान्ता र हिमालको जस्तो बाध्यताले मात्र नभइ पछिल्लो समय विदेशमा गएपछि राम्रै कमाइ




हुन्छ भन्ने भ्रमले पनि धेरै युवा वैदेशिक रोजगारतर्फ आकर्षित भएका छन् । स्वदेशमै केही गर्नुपर्छ भन्ने सोचाइँको न्यूनता, बाह्र कक्षा पढेपछि विदेश जानुपर्छ भन्ने प्रवृत्तिको विकास, देशभित्रै रोजगारीको न्यून अवसर, बढ्दो महत्वाकांक्षा आदिले गर्दा पनि पछिल्लो समय युवा जगतमा विदेशिने क्रम बढेको छ। पछिल्लो समय कतिपय युवाले विदेशबाट सिकेर आएको सीपको उपयोग गर्दै नेपालमा नै उद्यम गरेर राम्रो कमाइ गरेका पनि छन् । तर त्यस्ता युवालाई प्रोत्साहन गर्ने, पुरस्कृत गर्ने, व्यवसायका लागि आवश्यक सामग्री समयमा नै उपलब्ध गराउनेजस्ता कार्य अझै पनि देशव्यापी हुन नसक्दा केही वर्षमै कतिपयले व्यवसाय छाडेर पुनः विदेशमा जानेहरूको सङ्ख्या पनि उत्तिकै रहेको छ । त्यस्ता युवा भन्छन्, "के गर्ने हामीलाई राज्यले वास्ता नै गरेन। हामीले उत्पादन गरेका सामग्रीको बजार प्रर्वद्धनजस्ता काममा पनि सहयोग नभएपछि बाध्य भएर विदेशिन पऱ्यो।''

वैदेशिक रोजगारमा गएका लाखौँ युवाले विदेशमा कमाएको पैसाले आफ्नो घर व्यवहार मात्र चलाएका छैनन्, राज्यलाई नै ठूलो आर्थिक भरथेग गरेका छन् । विसं २०७८ मा गरिएको जनगणनाको प्रारम्भिक नतिजाअनुरुप २१ लाख ७० हजार युवा विभिन्न देशमा रोजगारीका लागि गएका छन् । आर्थिक सर्वेक्षण २०७८ का अनुसार नेपालको कूल गार्हस्थ उत्पादन(जिडिपी) जम्मा ४८ खर्ब ५१ अर्ब ६२ करोड छ । सो आर्थिक वर्षमा विप्रेषणले १५ प्रतिशतभन्दा बढी जिडिपीमा योगदान गरेको तथ्याङ्क छ। नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदन अनुसार विप्रेषण आप्रवाह २०.४ प्रतिशतले वृद्धि भई रु तीन खर्ब ७८ अर्ब चार करोड पुगेको छ। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.८ प्रतिशतले वृद्धि भई दुई अर्ब ९३ करोड पुगेको छ । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या १०२.५ प्रतिशतले वृद्धि भई एक लाख ९५ हजार एक सय ९६ पुगेको छ।

वैदेशिक रोजगारबाट गरिबी न्यूनीकरण, नेपालीको क्रयशक्ति वृद्धि गरे पनि दीर्घकालीन फाइदा पुऱ्याउने विकासका क्रियाकलाप सञ्चालन गर्न र ठूला परियोजना निर्माण गरी थप रोजगारी सिर्जना गर्न सकिएको छैन । सरकारले व्यक्तिगत रूपमा उक सय ७८ र संस्थागत रूपमा एक सय ११ देश वैदेशिक रोजगारीका लागि खूला गरेकोमा हाल अफगानिस्तान, इराक र लिवियामा रोक लगाइएको छ।

विप्रेषण आप्रवाह सँगसँगै पारिवारिक विखण्डन, सामाजिक एक्लोपन, विप्रेषणको अनुत्पादक क्षेत्रमा प्रयोग, गलत र विदेशी संस्कृतिको प्रयोग, मुलुकमा युवा शक्तिको अभाव, विप्रेषण आयका कारण आयात वृद्धि भई व्यापार घाटा बढ्दै जानेलगायतका समस्या पनि नदेखिएका होइनन् । जे भए पनि नेपालले बर्षेनि श्रम बजारमा उत्पादन भएका पाँच लाख जनशक्ति खपत गर्ने रोजगारीका क्षेत्र सिर्जना गर्न तत्काल सम्भव पनि देखिदैन। ती जनशक्ति खपत गर्न पुग्ने रोजगारीका आन्तरिक अवसर स्वदेशमा नै व्यवस्थापन गर्न नसक्दा नेपाली युवाको बाध्यता बनेको हो वैदेशिक रोजगार।

वैदेशिक रोजगारीलाई सधैँभरि यसरी नै नेपालीको बाध्यता बनाइरहने वा विकल्पको रूपमा स्थापित गर्ने भन्ने बारेमा योजना आयोगका निवर्तमान सदस्य डा रामकुमार फुँयालका अनुसार सरकारको दीर्घकालीन रोडम्याप होइन । उहाँ भन्नुहुन्छ, "वैदेशिक रोजगारी अल्पकालीन सम्बोधन हो, आन्तरिक रोजगारी नै सिर्जना गर्ने र अधिकतम जनशक्ति आन्तरिक रोजगारीमा नै खपत गरी उक्त जनशक्तिबाट मुलुकमा नै सेवा र उद्यमशीलता वृद्धि गरी मुलुककै विकासमा संलग्न गराउने नै सरकारको दीर्घकालीन योजना हो।"

डा फुँयाल हाम्रो मानव पूँजीलाई थप सीपयुक्त र क्षमतावान बनाउने हो भने बाहिरबाट श्रमका लागि आउने जनशक्ति विस्थापन गर्न सकिने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, ''हाम्रो जनशक्तिलाई प्रतिस्पर्धात्मक, आकर्षक, मर्यादित तथा सम्मानित रोजगारीका लागि अन्य देशमा पठाउन सकिन्छ, यसले मुलुकको आर्थिक रणनीति र दुई देशबीचको आर्थिक कूटनीति थप मजबुत पुग्छ। यसबाट नेपालीहरू ''ट्रीपल डी' अर्थात् 'डर्टी, डिफिकल्ट र डेन्जर' काममा जानुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ।''

विप्रेषण पठाउने २१ लाख ७० हजार वैदेशिक रोजगारीमा जाने युवामध्ये ७५ प्रतिशत अदक्ष छन् । यसरी अदक्ष जनशक्ति विदेशिदा नेपालको प्रतिस्पर्धात्मक क्षमता कमजोर भएको छ । त्यस्तो जनशक्ति हातमा कुनै सीप नलिई जाने भएकोले उनीहरूले नराम्रो, कठिन र जोखिमपूर्ण काम गर्न बाध्य भएका हुन्छन्। नेपालको संविधानले वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ।

त्यसरी दुःख गरी कमाएको धनको पनि सही सदुपयोग हुन नसकेको छैन भने वैदेशिक रोजगारीबाट फर्किएकाको सीपको उचित प्रयोग भएको पाइँदैन। श्रम आप्रवासनबाट मौद्रिक विप्रेषण मात्र नभइ सामाजिक पुँजीको रूपमा सीप, प्रविधि र अनुभवलाई पनि आर्थिक सामाजिक विकासको रूपमा उपयोग गर्ने गरी वैदेशिक रोजगार नीति र राष्ट्रिय रोजगार नीति कार्यान्वयनमा आएका छन्।

आर्थिक सर्वेक्षणका अनुसार नेपालमा हाल १८ प्रतिशत निरपेक्ष गरिब छन् । यस्तो गरिबी १८ प्रतिशतमा झार्नमा वैदेशिक रोजगारको प्रमुख भूमिका छ। वैदेशिक रोजगारीबाट विप्रेषण आयमा बढोत्तरी, विदेशी मुद्रा सञ्चिति वृद्धि, शोधनान्तर स्थितिमा सहयोग, नेपाली नागरिकको क्रयशक्ति वृद्धि, अन्तर ाष्ट्रिय सम्बन्धमा विस्तार, सीप विकासलगायत विविध कुरामा सकारात्मक परिवर्तन आएका छन्।

साना ठूला गरी एक सय २५ देशमा नेपाली वैदेशिक रोजगारीका लागि गएको पाइन्छ। नेपालले श्रम सम्झौता भने नौ देशसँगमात्र गरेको छ। सरकारले प्रमुख श्रमगन्तव्य मुलुकसँग श्रम सम्झौता गर्न नसक्दा नेपाली कामदारले विदेशमा अनेकौँ समस्या झेल्दै आएका छन् । सम्झौता नभएका मुलुकमा पुगेका नेपाली कामदारले न्यूनतम पारिश्रमिक, औषधोपचार, बीमा, सुरक्षासहितका कानुनी उपचारबाट विमुख हुँदै आएका छन्। अनौपचारिक रूपमा भारत गएर श्रम गर्नेको, श्रम स्वीकृति नलिइ पर्यटक भिसामा र विद्यार्थी भिसामा जानेको यकिन तथ्याङ्क छैन। श्रम स्वीकृति लिएर पनि युरोप अमेरिका र अष्ट्रेलिया जाने एकदम नगन्य छन्। नेपालीको वैदेशिक रोजगारीको लागि जानेमध्ये मलेसिया, कतार, साउदी, अरब र युएइमा मात्रै ९० प्रतिशत रहेका छन्।रासस

# घरेलु तथा साना उद्योगलाई दिगो बनाउन जोड

लेखनाथ । घरेलु तथा साना उद्योग व्यवस्थित र दिगोरूपमा सञ्चालन गर्न आवश्यक भएको पोखरामा आयोजित एक कार्यक्रममा जोड दिइएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले घरेलु उद्योगलाई दिने अनुदान र उनीहरूलाई कसरी माथि उठाउने भन्नेबारेमा साना उद्योगीसँग गरेको अन्तर्क्रियामा सहभागी वक्ताले उक्त कुरामा जोड दिएका हुन्।

गण्डकी प्रदेश सरकारका मुख्यसचिव रविराज पन्तले साना व्यवसायीले आफ्नो उत्पादनलाई दिगो राख्न सके प्रदेश तथा केन्द्र सरकारबाट सहयोग प्राप्त हुने बताउनुभयो । गाउँका बाँझा जमिनलाई सदुपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले पछिल्लो समय कृषि क्षेत्रमा समेत विदेशी लगानी भित्रिएकाले ती बाँझा जमिनमा आधुनिक कृषि प्रणाली लागू गर्न जरुरी भएको बताउनुभयो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तोयम रायले आन्तरिक उत्पादनलाई राज्यले संरक्षण गर्ने नीति ल्याएको बताउनुभयो । सबै किसानका उत्पादनलाई सङ्कलन गरी एकै ठाउँमा राखेर बजारीकरण गर्न सरकारले काम सुरु गर्न लागेको उहाँको भनाइ थियो।

प्रदेशस्थित अर्थ मन्त्रालयका सचिव विष्णुप्रसाद शर्माले प्रदेश सरकारले आम्दानीका स्रोतहरू वृद्धि गर्नका लागि यस क्षेत्रमा उत्पादन गर्न सकिने स्थान र स्थानीय पर्यटकीय तथा अन्य सम्भावनाका क्षेत्र पहिचान गर्न जरुरी भएको बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सञ्जीवबहादुर कोइरालाले व्यापार घाटालाई कसरी घटाउन सकिन्छ भन्ने विषयमा सरकारले सोच्न जरुरी भएको छ भन्नुभयो । कृषिमा अझै पनि आधुनिकीकरण हुन नसक्नु विडम्बना भएको बताउँदै उहाँले स्थानीय उत्पादनलाई प्राथामिकतामा राख्दै सरकार अगाडि वढ्नुपर्नेमा जोड दिनुभयो ।रासस

# सुनको मूल्य रु एक लाख दुई हजार नौ सय

**टुडे समाचारदाता**

काठमाण्डु । सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख दुई हजार नौ सय तोकिएको छ।

अघिल्लो दिन प्रतितोला रु एक लाख दुई हजार छ सयमा कारोबार भएको सुनको मूल्य बुधबार प्रतितोला रु तीन सयले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख दुई हजार चार सय छ।

यसको मूल्य अघिल्लो दिन रू एक लाख दुई हजार एक सय थियो।

त्यस्तै, चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा रु १० ले घटेर प्रतितोला रु एक हजार चार सयमा आएको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तरराष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ।

# नमोबुद्धमा शीतभण्डार निर्माण सुरु

काभ्रेपलाञ्चोक । नमोबुद्ध नगरपालिका-३ दाहालचौरमा कृषि उत्पादन भण्डारणका लागि शीतभण्डार (कोल्डस्टोर) निर्माण थालिएको छ। शीतभण्डार सञ्चालनमा आएपछि नगर तथा आसपासका रोशी, तेमाल, महाभारत गाउँपालिका र सिन्धुलीका कृषकसमेत लाभान्वित हुनेछन्।

यसअघि अन्न भण्डारणकै लागि महँगो मूल्य तिरेर पाँचखाल, बनेपा, पनौतीसम्म पुग्नुपर्ने बाध्यता रहँदै आएको थियो। उक्त शीतभण्डारका लागि नगरकै जलवायु अनुकूलन कार्यक्रममार्फत पहिलो चरणमा रु ८५ लाख विनियोजन भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद लम्सालले जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो चरणमा स्थानीय लागत सहभागितासमेत गरी रु ९९ लाख खर्च हुने भएको छ। उक्त लागतमध्ये १५ प्रतिशत स्थानीय उपभोक्ताले व्यहोर्ने जनाइएको छ।

कुल रु आठ करोड ३६ लाख ४६ हजार नौ सय ९९ लागत अनुमानमा तयार गरिने भण्डारणलाई बहुवर्षीय योजनामा समावेश गरेर पूरा गर्ने नगरले योजना बनाइएको हो। प्रति च्याम्बर ३० मेट्रिकटनका दरले छ च्याम्बरमा एक सय ८० मेट्रिकटन तरकारी, फलफूल र अन्न भण्डारण गर्न सकिने नगरपालिकाका इञ्जीनियर उज्ज्वल अर्यालले बताउनुभयो।

शीतभण्डार मङ्गलबार नगरप्रमुख कुन्साङ लामाले शिलान्यास गर्नुभएको हो। उहाँले पहिलो चरणमा निर्माण हुने एकतले भवन तीन महिनामा सम्पन्न गर्ने लक्ष्य लिइएको जानकारी दिनुभयो। स्थानीय उपभोक्ता सीता दाहालले शीतभण्डार सुरु गरिएकामा खुसी व्यक्त गर्दै अब आलुलगायत तरकारीको बीउ राख्न खर्च गरेर अन्त जानै नपर्ने बताउनुभयो।रासस

# फोहरबाट आम्दानी गर्दै टीकापुर अस्पताल

टीकापुर । टीकापुर अस्पतालले फोहर प्रशोधन गरेर कमाइ गर्न थालेको छ। कैलालीमा प्लाष्टिकजन्य फोहर व्यवस्थापनमा सबैलाई चुनौति बनिरहेका समयमा अस्पतालले एक महिनादेखि प्लाष्टिकजन्य फोहर प्रशोधन गरेर आम्दानी लिन थालेको हो । अस्पतालले एक महिनामा निर्मलीकरण गरिएको १३ क्विन्टल सामग्री बिक्री गरेर रु २८ हजार आम्दानी भएको जानकारी दिएको छ।

अस्पतालमा जडान भएका दुई अटोक्लेभ मेसिनमा प्लाष्टिकजन्य फोहर प्रशोधन हुन एक घण्टा लाग्छ भने रगतजन्य पदार्थ लागेका सामग्री प्रशोधन हुन दुई घण्टा लाग्छ । अस्पतालमा एउटा अटोक्लेभ मेसिन १० वर्षअघि कोरियाली सहयोग नियोग (कोइका)ले दिएको थियो भने अर्को मेसिन विश्व स्वास्थ्य सङ्गठनले उपलब्ध गराएको थियो।

स्वास्थ्य सङ्गठनकै सहयोगमा मेसिन जडान भई सञ्चालनमा आएको अस्पताल विकास समितिका अध्यक्ष झपटबहादुर सोडारीले जानकारी दिनुभयो। "प्लाष्टिकजन्य फोहर व्यवस्थापन चुनौती रहेका बेला हामीलाई मेसिन जडानपछि सहज भएको छ", उहाँले भन्नुभयो, "हामीले स्थानीय पालिकामा सङ्कलन भएको फोहर प्रशोधनमा पनि सघाउन सक्छौँ। हामीले आसपासका केही पालिकासँग कुरा पनि गरेका छौँ । पालिकाहरूले चाहेमा हामी प्रशोधनमा सघाउन सक्छौँ।"

अस्पतालमा फोहर निर्मलीकरण हुन थालेपछि हरेक वार्डमा फरक-फरक रङका बाल्टिन राखिएका छन् । प्लाष्टिकजन्य र रगतजन्य फोहर राख्नका लागि हरेक वार्डमा रातो, निलो, हरियो रङका बाल्टिन राखिएका छन्। साथै सिसाजन्य फोहर राख्नका लागि साना बाल्टिन राखिएका छन्।

फोहर छुट्याएर तोकिएको भाँडामा राख्नका लागि अस्पतालका कर्मचारी, स्वास्थ्यकर्मी र नर्सहरूले बिरामीलाई पटक-पटक आग्रह गर्ने गरेका छन्। यसरी अस्पतालमा सङ्कलन भएको फोहर दैनिक अस्पताल परिसरमै रहेको फोहर व्यवस्थापन केन्द्रमा लगेर निर्मलीकरण गरिन्छ । "निर्मलीकरण भएको फोहर बिक्रीका लागि राखिन्छ । बिक्रीका लागि खासै समस्या छैन", अध्यक्ष सोडारी भन्नुहुन्छ, "यसरी निर्मलीकरण गरेको रगतजन्य पदार्थ खाल्डोमा राखिने, प्याड सुकिसकेपछि आगोले जलाउन मिल्ने र अन्य सामग्री पुनःप्रयोगका लागि बिक्री गर्न थालेका छौँ।"रासस


## पचरौता नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बेनौली, बारा
### मधेश प्रदेश

## सेवा करारमा कर्मचारी माग सम्बन्धि सुचना

**प्रकाशित मितिः–२०७९/०९/२१**

पचरौता नगरपालिकाको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ। यसको फारम फारम दरखास्त दस्तुर कार्य बिवरण पारिश्रमिक सेवा शर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा वेब साइट www.pachrautamun.gov.np बाट उपलब्ध हुनेछ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | संख्या | उमेर हद | परिक्षाको किसिम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४५/२०७९/०८० | कृषि स्नातक | छैठो | १ जना | १८-३५ बर्ष | लिखित परिक्षा र अन्तरवार्ता | रू.१५००/- | |
| ४६/२०७९/०८० | पशु चिकित्सक | छैठो | १ जना | १८-३५ बर्ष | लिखित परिक्षा र अन्तरवार्ता | रू.१५००/- | |

**१. आवेदन बुझाउने स्थान:-** पचरौता नगरपालिकाको कार्यालय बेनौली बारा।

**२. आवेदन दिनु पर्ने अन्तिम मिति:-** २०७९/१०/०५ गते सम्म अन्तिम दिन विदा परेमा भोलि पल्टसम्म।

**३. आवश्यक योग्यता तथा पेश गर्नु पर्ने कागजातहरु :-**

**कृषि स्नातक:-** नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि बिज्ञानमा कम्तिमा स्नातक तह उतिर्ण गरेको शैक्षिक प्रमाण पत्रहरु सबै।

**पशु चिकित्सक:-** नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा पशु चिकित्सा विषयमा स्नातक तह उतिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको शैक्षिक प्रमाण पत्रहरु सबै।

प्रमुख प्रशासकिय अधिकृत



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०७९/०९/२१**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी बिकास बैंक लि.) को शाखा कार्यालय धनुषाधाम, धनुषाबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स एस.एम.ई. (अधिबिकर्ष) कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०७९/०८/१३ गतेका दिन जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका मा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धनुषाधाम, धनुषामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।


**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स एस.एम.ई. (अधिबिकर्ष )**
**ऋणीको नाम : इन्दु किराना पसल**
रजिष्टर्ड ठेगाना : धनुषा गोविन्दपुर गा.वि.स.वडा नं.-३, धनुषा
रजिष्ट्रेशन नं. : ५७७४/४५/०७०/०७१ (घरेलु तथा साना उद्योग कार्यालय, धनुषा)
पान नं. : ६०१२०५९९६

**प्रोप्राईटरको नाम र ठेगानाः**
नाम : जोगिन्दर मुखिया
बाबु : सेवक विन
बाजे : शिवलाल विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम न.पा.-२, धनुषा
ना.प्र.नं. : २६३२१९१७
जारी मिति : २०६१/०४/२२
जि.प्र.का. : धनुषा



**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : सेवक विन
बाबु : शिवलाल विन
वाजे : गेनाई विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम नगरपालिका-२, धनुषा
ना.प्र.नं. : ४३१८३२८०
जारी मिति : २०४५/०१/१८
जि.प्र.का. : धनुषा



२. नाम : पारवती देबी विनिन
बाबु : फुलधारी मुखिया
ससुरा : शिवलाल विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम नगरपालिका-२, धनुषा
ना.प्र.नं. : २६३२३१३५
जारी मिति : २०४५/०१/२६
जि.प्र.का. : धनुषा



३. नाम : देव सुनैर देवी
बाबु : लोचन मुखिया विन
ससुरा : सेवक विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम नगरपालिका-२, धनुषा
ना.प्र.नं. : १७३०४७/५२२
जारी मिति : २०६३/१०/१०
जि.प्र.का. : धनुषा



**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको :- जोगिन्दर मुखिया**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (बिगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | धनुषा गोबिन्दपुर | १ | ५७२ | ०-०-५-० | सो जग्गामा निर्माण भएका सम्पूर्ण भवन हरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ र धनुषाधाम शाखा कार्यालय, धनुषामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०७९/०९/२८ गते, बिहिबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, धनुषाधाम, धनुषा।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# दुई पालिका प्रशासकीय अधिकृतविहीन

**राकेश यादव**

गौर। रौतहट जिल्लाको दुई पालिका प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ।

नेपाल सरकारको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यी दुबै नगरपालिकाको कामकाज गर्न अधिकृत किरण निधि तिवारीलाई जिम्मेवारी तोकेको छ तर अधिकृत तिवारी दुबै पालिकामा काम गर्न असमर्थता देखाएकोले दुबै पालिका प्रशासकीय अधिकृतविहीन बनेको छ । जिल्लाको कटहरिया नगरपालिका र माधव नारायण नगरपालिका अहिले निमित्तको भरमा सञ्चालनमा रहेको छ।



कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश जयसवालसंग तिवारीको तालमेल नमिल्दा निमित्त दिएर कार्यालय बाहिर रहेको बुझिएको छ।

कार्यालय प्रमुख नै नभएपछि विकास निर्माण लगायतको विभिन्न कामकाज प्रभावित भएको छ।

लेखा अधिकृत राम प्रकाश साह निमित्तमा भए पनि निमित्त प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यालयको कामकाजी कागजपत्रमा हरिन्द्र यादवले हस्ताक्षर गर्ने गरेका छन्।

निमित्त प्रमुख प्रसाशकीय अधिकृतको रुपमा काम गरिरहेका लेखा अधिकृत साहले नगरपालिकाको विशेष कामकाज प्रभावित भइरहेको बताउँदै निमित्तको हैसियतले गर्न सकिने कामकाज गरिरहेको जनाए।

रकमको अनियमितताको बारेमा विवादित भएका माधव नारायण नगरपालिकामा नगर प्रमुख बैद्यनाथ यादवको कारण निमित्तको रुपमा शाखा अधिकृत मिश्रीलाल साहले कामकाज गर्दै आएका छन्।

लेखा शाखाबाट भुक्तानीको सक्कल फाइल गायब भएको विषय लिएर नगरपालिका भित्र कार्यरत कर्मचारीबीच अंतरद्वन्द्व उत्पन्न भएको कारण नगरपालिकाको कामकाज नराम्ररी प्रभावित बनेको छ। पटक-पटक घरायसी विवाद देखि कार्यालयमा रकम अनियमितताको आरोप लाग्दै आएका शाखा अधिकृत साह निमित्त प्रमुख प्रशासकीय अधिकृत बन्नको लागि प्रयासरत रहेको बुझिएको छ।

चंद्रपुर नगरपालिकामा सामाजिक शाखाबाट थाहा नगरपालिका गएका साह काज सरुवा गराएर माधव नारायण नगरपालिकामा हाजिर भएका छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय स्थानीय तह कर्मचारी प्रशासन शाखाले अधिकृत सातौ मिश्री साहलाई २०७९ साल भाद्र २३ गतेमा मकवानपुर जिल्लाको थाहा नगरपालिकामा काज फिर्ता गरे पनि साह त्यहाँ नगइ माधव नारायण नगरपालिका मै बसेर निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाउन नगरप्रमुख यादव सित मिलेर चलखेल गरिरहेको कार्यालय स्रोतले जनाएको छ।

नगरपालिकाको योजना तथा जिन्सी फाँटका जिम्मेवारी सम्भालेका स्थानीय विकासका करार कर्मचारी कृष्णनन्दन यादवको मिलेमतोमा साह र नगर प्रमुख कार्य गरिरहेको कारण नगरपालिकाका कर्मचारीहरु दुई धारमा उभिएका छन्।

योजना शाखाका यादव र काज फिर्ता भएका शाखा अधिकृत साह बढ़ी रकम हिनामिना गर्न खोजेकोले आन्तरिक विवाद उत्पन्न भएको स्थानीयहरुले आरोप लगाएका छन्।

नगरपालिकामा भएको रकम अनियमिततामा ठूलो भूमिका यादव र साहको समेत रहेकोले छानविन गर्नका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ।

नेपाल सरकारले स्थानीय तहमा उपसचिव पठाउने भने पनि समयमा उपसचिव नपठाएको कारण पालिका निमित्तको भरमा सञ्चालन भइरहेको छ।

स्वास्थ्य सेवा तथा प्राविधिक सेवाका अधिकृतको भरमा रौतहटका अधिकांश पालिका सञ्चालन भइरहेकोले राज्यको रकम चुहावट बढ़ी हुने गरेको छ।

# बुबाको हत्या गर्न पाँच लाखको 'सुपारी'

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टीमुसरनियागाउँपालिका-२ का ४० वर्षीय धनुखधारी दासलाई हत्या गर्न उनका २१ वर्षीय छोरा प्रदीप दासले पाँच लाखको सुपारी दिएको खुलेको छ। बुधबार धनुषा प्रहरीले सो तथ्य बताउँदै उनको हत्यामा संलग्न तीन जनालाई सार्वजनिक समेत गरेको छ।




हत्यामा उनका छोरा प्रदीप, ज्वाँई (प्रहरी हवल्दार) महोत्तरी पिपरा गाउँपालिका- ५ सहोडवाका ३४ वर्षीय उदय दास र सुटर नगराइन नगरपालिका- २ का रञ्जित कुमार यादवलाई प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

मृतक बुबाको किरिया बसेको छोरा प्रदीपलाई घरबाट, प्रहरी हवल्दार उदयलाई डिउटीमै खटिएको बेला र सुटर यादवलाई जटहीबाट पक्राउ गरेको थियो। घटनामा अन्य व्यक्तिको संलग्नताबारे अनुसन्धान जारिरहेको बताइएको छ। पुस ९ गते उनको हत्या भएको थियो।

दास हत्याको मुख्य योजनाकार उनको छोरा प्रदीप रहेको प्रहरी अनुसन्धानबाट खुलेको धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए । उनका अनुसार सुटर रञ्जित सेवाग्राही बनेर उनको हत्या गरेका थिए । पारिवारिक कलहका कारण प्रदीपले आफ्ना भिनाजु उदय दाससँग मिलेर तीन महिना पहिले नै हत्याको योजना बनाएको समेत अनुसन्धानबाट खुलेको छ। उदय प्रहरी हवल्दार छन् । उनी मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाममा कार्यरत थिए।

सुटर रञ्जितलाई मृतक दासका छोरा प्रदीप र ज्वाँई उदयले घटनाको एक महिना पूर्व एक लाख रुपियाँ दिएको अनुसन्धानबाट खुलेको छ। सुटर रञ्जितले दुई लाख दश हजार उदय मार्फत बुझेका छन्। बाँकी पैसा पछि दिने उनीहरुबीच सहमति भएको थियो। पक्राउ परेकाहरुसँग प्रहरीले कटुवा पेस्तल एक थान, दुई राउण्ड गोली, अटोमेटिक पेस्तोल एक थान, सोही पेस्तोलको म्याग्जीन दुई थान र आठ राउण्ड गोली समेत बरामद गरेको छ।

घटनामा मृतक दासको छोरा चढ्ने मोटरसाइकल प्रयोग भएको बताइएको छ । यद्यपि मोटरसाइकल भने अझै पनि फेला परेको छैन । मृतक दास मोटर (पम्प) मरम्मत गर्ने मिस्त्री थिए। केही दिनदेखि उनी घरमै ग्यास पसल सञ्चालन गर्दै आएका थिए । सोही पसलमा पुगेर उनले कुराकानी गर्दा-गर्दै गोली हानी फरार भएका थिए । दासले दुई वटा विवाह गरेका थिए । दास कान्छी श्रीमतीसँग बस्दै आएका थिए।

# महिलाको शव फेला



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लामा एक महिलाको शव फेला परेको छ । जनकनन्दनी गाउँपालिका-१ इनरवा रेल्बे स्टेशन नजिकबाट महिलाको शव फेला परेको धनुषा प्रहरीले जनाएको छ।

स्थानीय मनोज यादवको धान खेतमा फेला परेको शव भारतीय मुज्जफरपुरका नागरिकको रहेको प्रहरीले जनाएको छ। अन्दाजी ५० वर्षीया देखिने ती महिलाको पहिचान भने खुल्न सकेको छैन्। प्रहरीको अनुसार चिसोले कठ्याङ्ग्रिएर उनको मृत्यु भएको प्रारम्भिक अनुसन्धानले देखाएकोछ।

मृतक महिलाको झोला खोजबिन गर्दा सानो चिटमा फोन नम्बर फेला परेको थियो। सोही फोन नम्बरमा सम्पर्क गर्दा उनी भारतीय नागरिक रहेको प्रहरीले बताएका छन् । उनको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ।

# एकीकृत घुम्ती सेवा प्रारम्भ

**टुडे समाचारदाता**

जलेश्वर । मटिहानी नगरपालिकाले बुधवारदेखि एकीकृत घुम्ती सेवा प्रारम्भ गरेको छ।



पालिका र वडाहरुबाट प्रदान गर्ने सम्पूर्ण सेवाहरु जनताको घरदैलोमै पुऱ्याउने उद्देश्यले एकीकृत घुम्ती सेवा सुरु गरिएको जनाइएको छ। वडा नम्बर १ को सानो धिरापुरमा आयोजित एक कार्यक्रमबीच घुम्ती सेवाको शुभारम्भ गरिएको छ । प्रदेशसभा सदस्य अभिराम शर्मा र मटिहानी नगरपालिका प्रमुख हरिप्रसाद मण्डलले संयुक्त रुपमा सो कार्यक्रमको शुभारम्भ गरेका छन्।

कार्यक्रममा प्रदेशसभा सदस्य शर्मा एवम् मेयर मण्डलले वडा र पालिकाको सेवा एकीकृत रुपमा जनतासामु पुऱ्याउने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको र यसले सेवाग्राहीहरुलाई सुविधा हुने उल्लेख गरे।

कार्यक्रममा मटिहानी नगरपालिकाका उपप्रमुख मंजु देवी साह, वडा नं. १ का वड़ा अध्यक्ष शिवशंकर कुमार राय, नाजिर राईन, कलीम अंसारी, रितेश साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, योजना अधिकृत राजेश शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, शिक्षा संयोजक चन्देश्वर साह,शाखाका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो।

पुस २० गते देखि प्रारम्भ भएको सो सेवा पालिकाका ९ वटै वडाहरुमा सञ्चालन गरिने जनाइएको छ । घुम्ती शिविरमा योजना सम्बन्धी अभिमुखीकरण, योजना सम्झौता , व्यवसाय दर्ता तथा नवीकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङता परिचयपत्रको लागि दरखास्त संकलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण, माटो परीक्षण (कृषि कार्यका लागि) कृषि मिटर सिफारिस तथा तरकारीको मिनी किट वितरण, गोबर र गर्भ परीक्षण, पशुपंक्षी सम्बन्धी परामर्श तथा औषधि वितरण, राजस्व असुली, गरिब परिचयपत्र वितरण, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्ता लगायतका सेवाहरु प्रदान गरिने जनाइएको छ।

# छात्रवृत्ति सिफारिसपत्र वितरण



**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले कक्षा ९ र ११ का विद्यार्थीलाई छात्रवृत्ति सिफारिस पत्र वितरण गरेको छ।

गएको कात्तिक १९ गते महानगरले लिएको छनोट परीक्षाबाट छानिएका विद्यार्थीहरुलाई बुधवार आयोजित एक कार्यक्रममा छात्रवृत्ति सिफारिसपत्र प्रदान गरिएको छ।

सिफारिसपत्र प्रदान गर्दै नगरप्रमुख राजेशमान सिंहले छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई अझै मेहनतका साथ अध्ययन गर्न आग्रह गरे।

उनले कसैको सिफारिस र भनसुनमा नभई प्रतिस्पर्धाका आधारमा लिखित परीक्षामा उत्कृष्ट गरेका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइएको दाबी गरे।

'कसैको सिफारिस र भनसुन हामीले सुनेनौं, जसले आज छात्रवृत्ति प्राप्त गरिरहनु भएको छ उहाँहरुको मेहनत र परिश्रमले प्राप्त गरेको नतिजा नैं हामीले पस्केका हौं,' उनले भने।

आफूहरुले वीरगञ्जको सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न निरन्तर अनुगमन र निरीक्षण गरिरहेको भन्दै अभिभावकले पनि विद्यालयमा भइरहेका कमी-कमजोरीमा ध्यान दिन आग्रह गरे।

कार्यक्रममा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले मेहनती र जेहेन्दार विद्यार्थीहरुलाई अध्ययन गर्नकालागि महानगरले छात्रवृत्ति उपलब्ध गराएको भन्दै छात्रवृत्तिको सम्मान कायम राखी राख्न अध्ययनमा कमजोरी नगर्न सुझाव दिए।

महानगरपालिकाले कक्षा ९ र ११ मा अध्ययन गर्नका लागि ३ सय १८ जनालाई छात्रवृत्ति प्रदान गरेको छ।

सो मध्ये कक्षा ९ मा ९९ जना र कक्षा ११ मा २१९ जना विद्यार्थीहरुलाई छात्रवृत्ति सिफारिसपत्र वितरण गरिएको शिक्षा महाशाखा प्रमुख अरविन्द लाल कर्णले जानकारी दिए।

कक्षा ९ मा १५१ जनाले परीक्षा दिएकोमा ११९ जना उत्तीर्ण भएको र ११ मा १ हजार ४१९ जनाले परीक्षा दिएकोमा १ हजार २५५ जना उत्तीर्ण भएका थिए । उत्तीर्ण भएकामध्येबाट उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति सिफारिसपत्र प्रदान गरिएको छ।

# प्रहरीमाथि ढुँगामुढा



**रञ्जन यादव**

जीतपुर। बाराको जीतपुरमा चोरी तथा ज्यान मार्ने घट्नाका आरोपित पक्राउ गर्न गएको प्रहरीमाथि ढुङ्गामुढा र खुर्सानीको धुलोसहितको तातोपानी फालिएको छ।

आरोपित व्यक्तिहरुले आफनो घरभित्र प्रहरीलाई प्रवेश गर्न नदिइ मूल ढोका बन्द गरी घरको छतबाट ढुङ्गामुढा र खुर्सानीको धुलो सहितको तातोपानी प्रहार गरेका छन् । प्रहरीले उक्त घट्नामा ४ जनालाई पक्राउ गरेको छ। जीतपुरसिमरा उपमहानगरपालिका-७ जीतपुरको नसिमनगर स्थित कलामबानी खातुनको घरबाट सुन र चाँदी दुई , दुई तोला र तीन लाख रुपैया चोरी गरेको आरोपमा प्रहरीले आरोपित ४ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रिजबाना खातुन (जनकपुरिया) ,रिजवानाका दुईजना भाई र रिजवानाका बहिनीका छोरा रहेका छन् ।मङ्गलबार राति करिब १२ बजे छिमेकी रिजवाना खातुन लगायत १२ जनाको सङ्ख्यामा रहेका व्यक्तिहरु आफनो घरभित्र प्रवेश गरी आफनो घाँटीमा खुकुरी राखी घरमा भएको मालसमान र नगद लुटेको कलामबानी खातुनले आरोप लगाएकी छन् । कलामबानीको घरमा उनको छोरी र कलामबानी बाहेक कोही थिएनन्।

घट्नाको जानकारी पाए लगत्तै करिब दुई बजेको समयमा पुगेको ईलाका प्रहरी कार्यालय जीतपुर र ईलाका प्रहरी कार्यालय सिमराको टोलीले आठ घण्टाको लामो प्रयासपछि रिजवानाको घरभित्र प्रवेश गरेको थियो । प्रहरी रिजवानाको घर खानतलास गर्दा घरमा भेटिएका नगद रु. १ लाख १० हजार ६ सय ,विभिन्न ब्राण्डका बिग्रिएका मोबाईल र सुनचाँदीका गरगहना लगायतका सरसमान मुचुल्का गरी नियन्त्रणमा लिएको छ।

ईलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी निरीक्षक योगेन्द्र राईको कमाण्डमा र ईलाका प्रहरी कार्यालय जीतपुरबाट वरिष्ठ प्रहरी नायव निरीक्षक कलम शाहीको नेतृत्वमा प्रहरी घट्ना स्थलमा पुगेको थियो।

# कमला नगरपालिकामा सवारी साधन विवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । कमला नगरपालिकाका उपमेयर शीला देवी मण्डलले मेयर विशेश्वर यादवका भाई चन्देश्वर यादवले आफ्नो सवारी साधन नियन्त्रणमा लिएको आरोप लगाएकी छन् । गत १५ पुसको नपामा अडिट गर्न आएको टोलीलाई पुऱ्याउन पठाइएको सवारी साधनलाई मेयरका भाई चन्देश्वर यादवले नियन्त्रणमा लिएको उपमेयर मण्डलले बताइन्।

यता मेयर यादवले सो सवारी आफ्नै आदेशमा भाईले सुरक्षित गरी राखेको स्विकार गर्दै उपमेयर मण्डललाई आवश्यक परेको बेला चढ्न सक्ने प्रतिक्रिया दिएका छन्। उपमेयरको लागि सवारीको व्यवस्था नरहेको र विवादित सवारी कार्यालय प्रमुख चढ्ने गाडी रहेको मेयर यादवले स्पष्ट पारेका छन्।

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रामणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

श्री रामानन्द युवा क्लब
रामानन्द चौक, जनकपुरधाम-८ (नेपाल)

निर्वाचन समिति २०७९ को निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

प्रकाशित मिति २०७९/०९/२०

श्री रामानन्द युवा क्लबको कार्य समितिको निर्वाचन सम्बन्धी कार्यक्रम तपसिल बमोजिम हुने भएकोले सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

निर्वाचन कार्यक्रम तथा नियावली प्रकाशन

२०७९ पौष २१ गते विहिवार
१) मतदाता नामावली प्रकाशन : विहान १०:०० बजे
२) मतदाता नमावलीमा नाम संशोधन (सच्याउने) : विहान ११:०० बजे देखि १२:०० बजे सम्म
३) नामावली माथि दाबी विरोध : विहान ११:०० बजे देखि १२:०० बजे सम्म
४) अन्तिम मतदाता नामावली प्रकाशन : दिउँसो २:०० बजे

२०७९ पौष ३० गते शनिवार
१) उम्मेदवारको मनोनयन फारम वितरण : विहान १०:०० बजे देखि ११:०० बजे सम्म
२) मनोनय पत्र दर्ता : दिउँसो १२:०० बजे देखि २:०० बजे सम्म
३) उम्मेदवारको नामावली प्रकाशन : दिउँसो ३:०० बजे
४) उम्मेदवारी फिर्ता : दिउँसो ४:०० बजे
५) उम्मेदवार माथि दाबी विरोध : दिउँसो४:०० बजे देखि ५:०० बजे सम्म
६) उम्मेदवारको अन्तिम नामावली प्रकाशन : बेलुका ६:०० बजे

२०७९ माघ २ गते सोमवार
१) मतदान : विहान १०:०० बजे देखि ४:०० बजे सम्म
२) निर्वाचन पश्चात मतगणना था मतपरिणाम घोषण

नोटः निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रम क्लबको कार्यालय परिसरमा हुनेछ।

निर्वाचन अधिकृत

रामानन्द युवा क्लबको निर्वाचन माघ २ गते
टुडे समाचारदाता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८